Vol. 3, Issue 24, October-November, 2015

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष ३, पूर्णाङ्क २४, कात्तिक २०७२, मूल्य रू ३०।-




करिश्माको करेसा

रोजाइमा विलासी कार

साइक्लिस्टको शहर धरान

## दसैं किनमेल विदेशमा






**TISSOT LADY POWERMATIC 80.** AUTOMATIC MOVEMENT AND A MOTHER-OF-PEARL DIAL. 80 HOURS OF POWER RESERVE. **INNOVATORS BY TRADITION.**

TISSOT.CH

**SULUX CENTRE**
Hotel Woodland Complex, Durbarmarg

**TISSOT**

LEGENDARY SWISS WATCHES SINCE 1853

Branches:
Rama Griha, New Road
Bhatbhateni Super Market, Bhatbhateni


www.khukrirum.com
THE NEPAL DISTILLERIES PVT. LTD. KATHMANDU
SINCE 1959
२०७२ सालको
विजया दशमी,
दीपावली एवं छठको
हार्दिक मंगलमय
शुभकामना
Khukri Rum
Love life
Khukri XXX Rum
Drink responsibly

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

Vol. 3, Issue 24, October-November, 2015 Hot Nepal Monthly

# हट नेपाल

वर्ष ३, पूर्णाङ्क २४, कात्तिक २०७२

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : कविन्द्रमान शाक्य

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
कविन्द्रमान शाक्य
आशाकाजी महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
फोर्छें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१



## ९ दसैंमा विदेश किनमेल

वर्षभरि खाली लाग्ने गाउँ दसैंको अवसर पारेर नै भरिन्छन् । रेडियो र टेलिभिजनमा गुन्जिरहेको मालश्री धुनले दसैंको उल्लास व्यक्त गरिरहेको हुन्छ । सपिङ मलमा मोलमोलाइ अनि दसैंका छुट अफरहरु छुटाउनै नहुने विषय नै भए ।

## करिश्माको करेसा १४

अर्गानिक खानाले स्वास्थ्य र सौन्दर्य दुवै राम्रो हुने कुरामा नायिका करिश्मा मानन्धर विश्वस्त छिन् । ललितपुरको टौखेलस्थित घरको कम्पाउण्डमा उनले सबै मौसममा केही न केही फल्ने फलफूल रोपेकी छिन् । यतिखेर उनको कौसीमै सुन्तला झुलिरहेको छ ।






## २६ रोजाइमा विलासी कार

नेपालमा नपत्याउँदो रुपमा महँगा सवारीसाधनप्रति उपभोक्ताको आकर्षण बढेको बृहत् नाडा अटो मेलाबाट पुष्टि भएको छ । उक्त मेलामा करिब ५ अर्ब रूपैयाँबराबरको सवारीसाधन बुकिङ भएको नेपाल अटोमोवाइल डिलर एशोसियसनले दाबी गरेको छ ।

## साइक्लिस्टको शहर धरान २८

धरानमा साइकलप्रति युवाहरु बढी नै आकर्षित भइरहेका छन् । धराने युवाहरु साइक्लिङ गर्दै स्वास्थ्य र वातावरणप्रति चेतना फैलाउँदै धरानदेखि बाहिरसम्म पुग्छन् । यहाँ जंगल सफारी, माउण्टेन्ट हिलजस्ता स्थलमा धराने युवाहरु साइकलमा रमाउँछन् ।





## ४० मास्कोमा उल्लासमय दसैं

मास्कोमा नेपालीहरुले भोज खाएर नै दसैं मनाउँछन् र पछिल्लो समयमा मास्कोस्थित राजदूतावासमा जम्मा भएर टीका लगाएर सामूहिक रुपमा दसैं मनाउने परम्परा बसेको छ ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# संविधानपछिको बडादशैं

नेपालीहरूले २००७ सालदेखि चाहना गरेको संविधानसभाबाट संविधान लेख्ने काम यो वर्ष पूरा भएको छ । त्यसैले २०७२ साल असोज ३ गते नेपालको इतिहासमा एक अविष्मरणीय दिन हुन पुगेको छ । एक शताब्दीभन्दा लामो जहानियाँ राणा शासनविरूद्ध आन्दोलन गर्दा नेतृत्व गर्ने राजनीतिक दलहरु तथा जनस्तरबाटै पनि जनताबाट चुनिएका प्रतिनिधिहरूले नेपालको नयाँ संविधान लेख्ने माग भएको थियो । त्यस मागलाई तत्कालीन राजा त्रिभुवनबाट अनुमोदन समेत गरिएको भए पनि राजनीतिक परिस्थितिले कोल्टे फेर्दा जनचाहना पूरा हुन थप ६५ वर्ष प्रतीक्षा गर्नु परेको थियो । राजा त्रिभुवनले औपचारिक संवोधनमा नै संविधानसभाबाट गणतान्त्रिक संविधान बनाउने घोषणा भए पनि दलहरूले परिस्थिति संहाल्न नसक्दा तथा त्यसपछिका उनका उत्तराधिकारीले जनचाहना विपरीत काम गरेकाले नेपाली जनताले यति लामो समय प्रतीक्षा र ठूलो बलिदानी गर्नु परेको थियो । राजा-महाराजाको हुकुम तथा राजा तथा दलहरूले नियुक्त गरेका विज्ञले लेख्ने संविधानभन्दा प्रत्येक स्थान र समुदायबाट चुनिएर पुग्ने प्रतिनिधिले जनचाहना बुझेर बनाउने संविधान अवश्य पनि लोकतान्त्रिक र जनहितकारी हुन्छ । त्यसैका लागि हजारौंको बलिदानी तथा अर्बौंको क्षति हुन पुगेको थियो । २०६२/६३ को जनआन्दोलनको सफलतापछि बनेको पहिलो संविधानसभाको पहिलो बैठकले २ सय ४० वर्षदेखि नेपालमा कायम रहेको शाहवंशीय राजसंस्थालाई विधिवत् अन्त्य गरी मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको थियो । तर यो नयाँ व्यवस्था दिगो संविधानविना संस्थागत हुन सकिरहेको थिएन । मुलुक विगत ८ वर्षदेखि अन्तरिम संविधानबाट चलाउनु पर्दा विभिन्न अप्ठ्याराहरु सामना गर्नु परिरहेको थियो र नवोदित गणतन्त्र संस्थागत हुने हो कि होइन भन्ने शंका पनि उब्जिएको थियो ।

व्यवस्था परिवर्तन हुँदैमा मुलुकको मुहार फेरिदैन र जनताले सुख-शान्ति प्राप्त गर्दैनन् भन्ने विषय यो ८ वर्षमा जनताले बुझिसकेका छन् । विगत ८ वर्षदेखि राजनीतिक दलहरूले भन्दै आएका कुरा संविधान आएपछि सबै विषय सल्टिन्छन्, मुलुकले विकासको फड्को मार्छ भन्ने नै हो । तर संविधान जारी गर्ने प्रक्रिया संविधानसभामा सुरू भएदेखि नै मुलुकको ठूलो भाग तराई-मधेसमा स्थानीय दलहरूले आन्दोलन गरिरहेका छन् । त्यसबाट स्थानीय क्षेत्रको मात्र होइन काठमाडौं र समग्र मुलुककै जनजीवन अस्तव्यस्त हुन पुगेको छ । तराई-मधेस केन्द्रित दलहरूको आन्दोलनलाई छिमेकी मित्रराष्ट्र भारतले सहानुभूति राखेको र समर्थन गरेको पाइएको छ । आन्दोलनका कारण असुरक्षा भएको भन्दै भारतले नेपालमा अघोषित नाकाबन्दी गरिदिंदा संविधान जारी हुँदाको खुसी मनाउनै नपाई खल्लो अनुभव गर्नु परेको छ । लोकतान्त्रिक गणतन्त्र स्थापनापछि जायज माग शान्तिपूर्ण ढंगले राख्ने वातावरण हुने र आफ्ना मागहरु संसद्मा बहुमत पुऱ्याएर पूरा गर्न सकिने व्यवस्था कार्यान्वयन हुने आशा गरिएको थियो तर पहिलो गाँसमै ढुंगा भनेझैं भएको छ । ९० प्रतिशतभन्दा बढी बहुमतले पारित भएको संविधानलाई मधेस केन्द्रित दलहरूले अस्वीकार गर्ने र छिमेकी भारतले स्वागतसमेत नगरी अप्ठ्यारो पार्ने काम हुनु विडम्बना भएको छ । यस्ता कृयाकलाप प्रवृत्ति बनेमा मुलुक अगाडि बढ्नुको सट्टा झन् पछाडि पर्ने देखिएको छ ।

६ दशक लामो प्रतीक्षापछि आएको लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएलगत्तै आएको बडादसैं उल्लासमय हुनुपर्ने हो तर तराईको लामो बन्द, भारतले गरेको नाकाबन्दीका कारण उत्पन्न भएको चरम इन्धन संकटका कारण शायद ६ दशकयताकै खल्लो हुन पुगेको छ । दसैं आउनु दुई हप्ताअघिदेखि नै राजधानीलगायत प्रमुख शहरका सडक सुनसान भएका छन्, बजारमा कुनै चहलपहल छैन । स्वदेशीको आन्दोलन र विदेशीको नाकाबन्दीले जनजीवन अस्तव्यस्त हुनुका साथै व्यापारमा अर्बौं घाटा पुगेको छ । यस्ता कामले कसैलाई पनि फाइदा पुग्दैन । बन्द, हडताल जस्ता कार्यक्रमले माग पूरा हुनमा सहयोग नपुऱ्याउने र फाइदा कसैलाई नहुने कुरा विगतमा नै प्रमाणित भइसके पनि यस्ता घातक काम गर्ने प्रवृत्ति दलहरूमा हट्न नसक्नु अनौठो भएको छ । ठूला अप्ठ्याराहरु पनि पार गर्दै समाधानका दिशामा अघि बढ्ने बानी नेपालीहरूमा बसिसकेको छ । अहिले देखिएको यो समस्या पनि वार्ता र संवादको माध्यमबाट समाधान हुने आशा गर्न सकिन्छ । देशभित्रको समस्या सबै विजेता बन्ने किसिमले र बाहिरका समस्या शान्त कूटनीतिक माध्यमबाट समाधान गर्न दलहरूलाई सफलता मिलोस् । कठिनाइका बीच यस पटकको बडादसैं शुभ होस् । सबैमा यही शुभकामना ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

ठूला अप्ठ्याराहरू पनि पार गर्दै समाधानका दिशामा अघि बढ्ने बानी नेपालीहरूमा बसिसकेको छ । अहिले देखिएको यो समस्या पनि वार्ता र संवादको माध्यमबाट समाधान हुने आशा गर्न सकिन्छ । देशभित्रको समस्या सबै विजेता बन्ने किसिमले र बाहिरका समस्या शान्त कूटनीतिक माध्यमबाट समाधान गर्न दलहरूलाई सफलता मिलोस् । कठिनाइका बीच यस पटकको बडादसैं शुभ होस् । सबैमा यही शुभकामना ।

## केही कुरा अपुग

मैले चीनको एक मात्र वैदेशिक प्रसारण संस्था सीआरआई नेपाली सेवाको वेबसाइटमा हट नेपालको हरेक अंक नियमित पढ्दै आएको छु । प्रकाशित भएको केही समयपछि मात्र वेबसाइटमा हेर्न पाइने भए पनि यो पटक चाहिँ बेलैमा हट नेपालको डिजिटल कपी पढ्न पाएँ । यसका लागि आभारी भएको छु । पत्रिका समग्रमा राम्रो छ, खासै कमेन्ट गर्ने अवस्था त छैन तैपनि केही कुरा लेख्दै छु । 'अभिरूचिको रूचि' शीर्षकमा केही कुरा नपुगेको जस्तो लागेको छ । उनले पछि राजेश हमालसँग भेटिन् कि भेटिनन् ? भेट्दा कस्तो कुरा भयो ? उनले राजेश हमालका चलचित्र अहिले हेर्छिन् कि हेर्दिनन् ? अनि उनका बुबा-आमाले त्यतिखेर के भन्थे र अहिले के भन्छन् ? साथीहरूले राजेश हमालको नाम जोडेर उनलाई जिस्क्याउने गर्छन्/गर्दैनन् जस्ता कुराहरु आएको भए अझै मनोरञ्जनात्मक हुन्थ्यो जस्तो लाग्यो । त्यसैगरी बोन्साइ कलाको बारेमा लेखिएको सामग्री राम्रो भए पनि अलिक अपुग लाग्यो । कसरी, कुन प्रविधि प्रयोग गरिन्छ र त्यसका लागि केके सामग्री चाहिन्छ भन्ने कुरा लेखमा छैन । अब चाडबाडका बेलामा खानेकुरामा ध्यान दिनुपर्ने र स्वास्थ्यसम्बन्धी सामग्री पनि थप गर्नु भएको भए राम्रो हुने थियो ।

– चेतनाथ आचार्य, बेइजिङ, चीन

## सबैले पढ्नै पर्ने खोजमूलक स्टोरी

नर्सिङ शिक्षा केही वर्षयता निकै लोकप्रिय बन्दैआएको छ । एसएलसी सकिएपछि वा प्लस टू सक्नेबित्तिकै प्रायः अभिभावकहरु आफ्नी छोरीलाई नर्सिङ पढाउन चाहन्छन् । कुनै बेला नकारात्मक दृष्टिकोणले हेरिने यो पेसा समाजमा अहिले शानका रूपमा स्थापित भएको छ । एक त परिबारमा एकजना नर्स भएपछि कोही परिबारका सदस्य बिरामी पर्दा सजिलो हुने गर्दछ । दोस्रो भनेको पढाइ सकिएपछि पाइने रोजगारीको आकर्षक अवसर पनि हो । यही आकर्षणले नर्सिङ पेसामा आकर्षण बढेको र बढ्दो नर्सिङको जनशक्तिले फोकटमा नेपालमा काम गर्न बाध्य भइरहेको सचित्र चित्रण हट नेपालको असोज महिनाको कभर स्टोरीले गरेको छ । जुन कभर स्टोरी नर्सिङ अध्ययन गर्न चाहने सबैले पढ्नै पर्ने खोजमूलक स्टोरी बनेको छ ।

– सुमी राजभण्डारी, मध्यवानेश्वर, काठमाडौं

बडादसैं तथा तिहारको शुभ अवसरमा
ग्राहकवर्गमा सुख-शान्ति र उन्नतिका लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुशील शाही
अध्यक्ष, तथा
सूर्य बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार
पुतलीसडक, काठमाडौं, नेपाल, फोनः ४२२६७३७/४२४८२६३




## बेली डान्स र गायन

कमला सापकोटालाई सात वर्षअगाडिसम्म गायिकाको रूपमा चिनिने गर्दथ्यो । त्यो बेलामा स्वरसाम्राज्ञी गायिका तारादेवीको गायन रहेको कालजयी गीत फूलै फूलको मौसम तिमीलाई बोलको गीतलाई रिमिक्स गरेरे गाएर रातारात हिट बनेकी कमला सापकोटाको गायनको अलावा उनको बेली डान्स मैले काठमाडौंको एक कार्यक्रममा हेर्न पाएकी थिएँ । उनै गायिकाको गायन र बेली डान्सको करियर विषयमा केन्द्रित स्टोरी असोज महिनाको हट नेपालमा पढ्न पाएकोमा ज्यादै खुसी छु ।

– अनिता नेपाल, चाबहिल, काठमाडौं

## सेरोगेसीको अनौठो होड

भाडाका आमाबाट सन्तान जन्माउने पद्धति (सेरोगेसी मदर)बाट हलिउड तथा बलिउडका सेलिब्रिटीहरूले सन्तान जन्माएका छन् । भाडाका कोखबाट जन्माइने यसप्रकारको पद्धतिले हलिउड तथा बलिउडमा धेरै नै मान्यता पाउन थालेको छ । सेलिब्रिटीहरु भाडाको कोख अर्थात् सेरोगेसी मदरबाट सन्तान जन्माउन होडबाजी नै गरिरहेको तथ्य हट नेपालको अंक २३ मा पढ्न पाउँदा अनौठो लाग्यो । त्यसमाथि मेरो फेवरेट बलिउडका चर्चित अभिनेता आमिर खानले पनि यस पद्धतिबाट सन्तान जन्माइसकेको र आमिरको दोस्रो पत्नी किरण रावले बच्चा जन्माउन असमर्थ भएपछि सरोगेसीको सहारा लिएका तथ्यले म त अवाक् बनें ।

– शिव मगर, भैंसेपाटी, ललितपुर

## पूर्वमिस नेपाल सृष्टिको माग

बलिउडकी कुनै नायिकाभन्दा कम नदेखिएकी पूर्वमिस नेपाल सृष्टि श्रेष्ठले बलिउडको एक हट गीतमा गर्मागर्मी अभियन गरेपछि उनको एकाएक माग बढेको छ । टी-सिरिजको एक रिमेक गीत कभी बादल बर्सेमा भारतीय कलाकार सचिन जोशीसँग गरिएको सृष्टिको हट अभिनयले बलिउडका नायिकाहरूलाई समेत माथ खुवाउन सफलता पाएकी छन् । कतिले त पोर्नफिल्म हुँदै बलिउडमा जमेकी अभिनेत्री सन्नी लियोनीलाई पनि उनले पछि पारेको टिप्पणी गरेको पाएँ । म पनि एक नेपाली भएकीले नेपाली मोडलको डिमाण्डले मलाई अत्यन्त खुसी दिलाएको छ ।

– अन्जना थापा, नुवाकोट

## प्रेस काउन्सिल पुरस्कार प्रदान




प्रेस काउन्सिल नेपालको ४६ औं वार्षिकोत्सवको उपलक्ष्यमा पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्ति एवम् संस्थाहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । प्रधानन्यायाधीश कल्याण श्रेष्ठले प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कौशल चेम्जोङलाई प्रदान गरे । प्रेस काउन्सिल आचारसंहिता पुरस्कार रेडियो नेपाललाई प्रदान गरियो भने साहित्यिक पत्रकारिता पुरस्कार 'दायित्व' र 'दोभान' पत्रिकाले प्राप्त गरे । स्तम्भ लेखन पुरस्कार शारदाप्रसाद नेपाल, चक्रपाणि नेपाल, भारती उपाध्याय र राम सञ्जेललाई तथा महिला सशक्तिकरण पुरस्कार शुभेच्छाविन्दु तुलाधर, माला कर्ण, कल्पना आचार्य र मधु शाहीलाई प्रदान गरियो । यस्तै भाषागत पुरस्कार छारगोङ्मा मासिकलाई दिइयो । सशक्त सञ्चारकर्मी पुरस्कार अरूण बराल, प्रेमचन्द्र झा, मोहम्मद हारून र सत्यनारायण चौधरीले प्राप्त गरे । समावेशी पत्रकारिता पुरस्कार विजयसन्तोषी राई, सुनिता रेग्मी, दिनेश यादव, नेपोलियन चेपाङ र भारती चौधरीलाई दिइयो । युवा सशक्तिकरण पुरस्कार अमन कोइराला, लक्ष्मण खड्का, योगेश पोखरेल, त्रिभुवन पौडेलले प्राप्त गरे भने सशक्त लेखन पत्रकारिता पुरस्कार मुकेशचन्द्र राजभण्डारी, शत्रुधन नेपाल, राजबहादुर कुँवर र वासु क्षितिजले प्राप्त गरे । यस्तै क्रियाशील पत्रकारिता पुरस्कार रत्न आचार्य, दुर्गा अधिकारी, टंक कुँवर, शिवदयाल यादव र इन्द्र पौडेललाई प्रदान गरियो । प्रेस काउन्सिलको वर्ष कर्मचारी पुरस्कार रामप्रसाद पोखरेल र मानबहादुर लामिछानेलाई प्रदान गरिएको छ । कार्यक्रममा वरिष्ठ पत्रकारहरु मणिराज उपाध्याय, मदनमणि दीक्षित, पन्नालाल गुप्ता, कमल कोइराला, हिरण्यलाल श्रेष्ठ, इन्द्रकान्त मिश्र, प्रेमकुमारी पन्त, कृष्णा ताम्राकार, राजेश्वर नेपाली, शिशुप्रसाद देवकोटा, अमृता लम्साल र बारबरा एडम्सलाई सम्मान गरिएको थियो ।

## गीति संग्रह 'माटो' विमोचन



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बाँस्कोटाले संगीतकार टीका भण्डारी र गीतकार इन्द्र चोङवाङको राष्ट्रिय गीति संग्रह 'माटो' संयुक्त विमोचन गरेका छन् । अध्यक्ष ओलीले नेपाली भाषा र गीत-संगीत विश्वकै उत्कृष्ट भएको बताए । एक मुठा घाँस काट्दा तीन वटा गीत रचेर गाइसक्ने नेपालीहरु प्रतिभाको धनी भएको धारणा उनले राखे । देशप्रेमको भावनादेखि राष्ट्रिय, आधुनिक एवं सबै प्रकारका गीतमा संगीत गर्ने र गाउने टीका भण्डारी बहुप्रतिभाको धनी भएको पनि अध्यक्ष ओलीले बताए । सोही कार्यक्रममा आयोजकका तर्फबाट अग्रज गायक प्रेमध्वज प्रधान र अग्रज गायिका तारा थापालाई अध्यक्ष ओलीले सम्मान गरे । यस्तै नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति बाँस्कोटा, गीतकार डा. कृष्णहरि बराल तथा संचारकर्मी साजना लामालाई स्मृति चिनो पनि ओलीले प्रदान गरे ।

## डेविड श्रेष्ठलाई संकल्प सम्मान



लामो समयदेखि चुपचाप समाजसेवामा तल्लिन व्यक्तित्व डेविड श्रेष्ठलाई यो वर्षको संकल्प सम्मान प्रदान गरिएको छ। संकल्प विकास केन्द्र नेपालको गौरवमय परम्परा अनुरूप समाजसेवी श्रेष्ठलाई संकल्प सम्मान-२०७२ प्रदान गरिएको हो। नेपालका प्रथम जादूगर सुशीलको प्रमुख आतिथ्य तथा सामाजिक अभियन्ता मञ्जु रानाको आतिथ्यमा संपन्न कार्यक्रममा श्रेष्ठलाई संकल्प सम्मान प्रदान गरिएको हो । मुलुक विषम स्थिति तथा प्राकृतिक प्रकोप विनाशकारी महाभूकम्पमा समेत सामाजिक भलोका लागि अहोरात्र खटेका श्रेष्ठले २०७२ वैशाख १२ र २९ गतेको महाभूकम्पमा दिलोज्यान दिएर भूकम्पपीडितहरूको लागि कसैलाई थाहा नदिई चुपचाप सहयोग गर्नु सम्मानित श्रेष्ठको विशेषता रहेको आयोजक संकल्प विकास केन्द्र नेपालले जनाएको छ। यसको अलावा सामाजिक रूपमा विपन्न वर्ग तथा असहाय-अपाङ्गहरूलाई विगत दुई दशकदेखि निःस्वार्थ रूपमा चुपचाप सहयोग तथा सेवा पुऱ्याउँदै आएको तथ्यलाई उच्चमूल्यांकन गरेर उक्त सम्मान दिइएको संस्थाका संस्थापक अध्यक्ष शारदा श्रेष्ठले सम्मान कार्यक्रममा बताइन् । समाजमा विनास्वार्थ कसैलाई थाहै नदिई समाजसेवामा सक्रिय डेविड श्रेष्ठलाई संकल्प सम्मान दिनु निकै नै सराहनीय कार्य भएको प्रमुख अतिथि जादूगर सुशीलले बताए। समारोहमा संस्थाका सचिव सुमी राजभण्डारीले यसअघि नेपाली कला तथा परम्परालाई जगेर्ना गर्दैआएका सिल्पी इन्द्रमान महर्जनलाई उक्त सम्मान अघिल्लो वर्ष प्रदान गरिएको जानकारी दिइन् ।

## कलाकार अशोकमानको उपन्यास सार्वजनिक




कलाकार अशोकमान सिंको नयाँ कृति सार्वजनिक भएको छ । 'म पनि त मान्छे हुँ' नामक पाँच लघु उपन्यास संगृहीत कलाकार सिंको किताब सामूहिक रूपमा विमोचन गरिएको छ । संस्कृतिविद् सत्यमोहन जोशी, व्यंग्यकार रामकुमार पाँडे, त्रिविविका पूर्वउपकुलपति केदारभक्त माथेमा, चलचित्रकर्मी यादव खरेल, साहित्यकार चूडामणि बन्धु, पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्ट लगायतले कलाकार सिंको किताब विमोचन गरेका थिए । शारीरिक, मानसिक अशक्तको मनोवैज्ञानिक तथा सामाजिक दृष्टिकोणले लेखिएको 'म पनि त मान्छे हुँ' किताबमा स्त्र्याको रूप, अनपढ, प्रताडना, प्रतिभाको प्रतिविम्ब र मानव शीर्षकका पाँच लघु उपन्यास संगृहीत छन् । यी उपन्यासमा अपाङ्गता भएकाहरूलाई सामाजिक तथा मनोवैज्ञानिक परिवेश र परिस्थितिले गरिने विभेदलाई उजागर गरिएको छ । किशोर-किशोरी लक्षित 'म पनि त मान्छे हुँ' किताबले सामाजिक रूपमा उपन्यासको माध्यमबाट अपाङ्ग जागरण र यससम्बन्धी चेतनाको उजागर गर्ने प्रयास गरेको छ । तेलरङ्, जलरङ्, रेखाचित्रका अलावा एयरब्रस प्रविधिमा चित्र तयार पार्न सिद्धहस्त कलाकार सिं साहित्य लेखनमा पनि त्यतिकै सफल रहेको 'म पनि त मान्छे हुँ' प्रकाशनमा आएबाट प्रमाणित भएको पाँडेको दाबी छ । स्रष्टा सिंले आफ्नो यो कृति विशेषतः किशोर-किशोरी तथा अपाङ्गहरूलाई समर्पित गरिएको बताए ।

## एनएफडीसी नेशनल फिल्म अवार्ड

नेपाल चलचित्र विकास कम्पनीको आयोजनामा यो वर्ष आयोजित तेस्रो एनएफडीसी नेशनल फिल्म अवार्ड सम्पन्न भएको छ । काठमाडौंको बौद्धस्थित हायात होटलमा आयोजित कार्यक्रममा वर्ष २०७१ को बेष्ट फिल्म अवार्ड चलचित्र नोभेम्बर रेनले प्राप्त गऱ्यो । सोही चलचित्रबाटै नायक आर्यन सिग्देल बेष्ट एक्टर र चलचित्र सुन्तलीबाट नायिका प्रियंका कार्की बेष्ट एक्ट्रेस अवार्डबाट सम्मानित बनेका छन् । बेष्ट डाइरेक्टरको अवार्ड चलचित्र कबड्डीका निर्देशक रामबाबु गुरूङले प्राप्त गरे । २०७१ सालमा व्यावसायिक रूपमा सर्वाधिक कमाउन सफल चलचित्र कोहिनूरलाई बेष्ट बिजनेश फिल्म अवार्ड प्रदान गरियो । चलचित्र पत्रकारिता पुरस्कार भने पत्रकार विजयरत्न तुलाधरलाई दिइयो । विभिन्न फरक विधामा नेपाली चलचित्रका शीर्षस्थ चलचित्रकर्मीका नामबाट दिइने गरेको एनएफडीसी नेशनल फिल्म अवार्डका प्रत्येक विजेतालाई नगद ५१ हजार सहित ट्रफी प्रदान गरिएको थियो । अवार्ड समारोहलाई भव्य तथा सभ्य बनाउन अघिल्लो पुस्ताकी नायिका गौरी मल्लदेखि पछिल्लो पुस्ताकी नायिका आशिष्मा नकर्मी समेतले आकर्षक नृत्य प्रस्तुत गरेका थिए । गौरी मल्लले आधा दर्जन गीतमा लोभलाग्दो नृत्य प्रस्तुत गरेपछि मन थाम्न नसकेका गौरी पुस्ताकै दुई नायक शिव श्रेष्ठ र सरोज खनालले स्टेजमा नै गौरीलाई एकसाथ चुम्बन गरेका थिए ।

## कतारमा नेफ्टा अवार्ड वितरण

नेपाल चलचित्र प्राविधिक संघको आयोजनामा आठौं नेफ्टा अवार्ड कतारमा सम्पन्न भएको छ । कतारमा हजारौं नेपाली दर्शकमाझ भएको नेफ्टा अवार्डमा प्रसिद्ध कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई कलारत्न उपाधि प्रदान गरिएको छ । नेपालमा विषम परिस्थितिका बाबजुद कतार पुगेका सूचना तथा संचार मन्त्री डा. मीनेन्द्र रिजालले अवार्ड वितरण गरे । कार्यक्रममा वरिष्ठ अभिनेता नीर शाह र अभिनेत्री बसुन्धरा भुसालले कविता वाचन गरेका थिए । नेपालबाट ८० जना गएको टोलीका माझ प्रदान गरिएको नेफ्टा अवार्डमा उत्कृष्ट चलचित्र टलकजंग भर्सेज टुल्के बनेको छ । निर्देशक पनि सोही चलचित्रका निश्चल बस्नेत नै बने । जुरी अवार्ड भने चलचित्र कबड्डीले पाएको छ । पपुलर चलचित्रमा नायक श्रीकृष्ण श्रेष्ठको चलचित्र कोहिनूरले अवार्ड जितेको छ । पपुलर हिरोमा आर्यन सिग्देल र हिरोइनमा प्रियंका कार्की बनेका छन् । उत्कृष्ट नायक खगेन्द्र लामिछाने र ऋचा शर्मा भए । दुवैले उक्त अवार्ड चलचित्र टलकजंग भर्सेज टुल्केबाटै प्राप्त गरेका हुन् ।

## रेखा रामप्यारीमा टेम्पु चालक



नायिका रेखा थापाको होम प्रोडक्सनको चलचित्र रामप्यारीको शुभमुहूर्तसँगै धमाधम सुटिङ्ग सुरू भएको छ । ललितपुरको हरिसिद्धिस्थित इँट्टाभट्टा परिसरमा रामप्यारीको शुभमुहूर्त गरेलगत्तै सोही स्थानबाट सुटिङ्ग सुरू गरेको नायिका थापाले बताएकी छन् । टेम्पु चालक महिलाको कथावस्तुमा आधारित चलचित्र रामप्यारीमा नायिका थापाले आभाष अधिकारीलाई डेब्यु गराएकी छन् । रामप्यारीमा नायिका थापाको अलावा सविन श्रेष्ठ, आस्था डीसी लगायतका कलाकारको अभिनय रहेको छ । जगदिश्वर थापाको लेखन तथा शिव ढकालको छायांकन रहेको रामप्यारीको निर्देशन सविर श्रेष्ठले गरिरहेका छन् । काठमाडौंका अलावा हेटौंडा र नारायणघाट वरपर सुटिङ्ग हुने बताइएको रामप्यारीको रिलिज मिति आगामी चैत्र २६ गते तोकिएको छ ।



# दसैंमा विदेश किनमेल



सिंगापुरको एक इन्जिनियरिङ कम्पनीमा कार्यरत अभिनेत्री पल्लबी भट्ट प्रायः दसैंमा सिंगापुरमा नै सपिङ गर्ने गर्छिन् । सानादेखि ठूलासम्मका लागि दसैंको आवश्यक सपिङ गरेर नेपालका आफन्तहरूलाई बाँड्न उनी मन पराउँछिन् । यो वर्षको दसैंमा पनि सिंगापुरमा सपिङ गरेर दसैंका लागि पल्लबी नेपाल फर्केकी छन् । यो वर्ष दसैंको मुखमा भारतले गरेको अघोषित नाकाबन्दीका कारण नेपाली बजार सुनसार भएकोले पनि विदेशमै किनमेल गर्नुपर्ने अवस्था आएको उनी बताउँछिन् ।

गृहनगर धनगढीमा नातागोता तथा परिवारसँगै बसेर दसैं मनाउने तर्खरमा रहेकी पल्लवीले अघिल्लो वर्ष धनगढीका थारूबस्तीमा दसैं मनाएको त्यो पललाई बिर्सेकी छैनन् । नेपालमा नयाँ संविधान जारी भएको लगत्तै थरूहट-तराई मधेस आन्दोलनले दसैं अघिल्ला वर्षको जस्तो रमाइलो नहुने हो कि भन्ने डर पल्लवीमा रहेको छ । त्यसमाथि भारतले अघोषित रूपमा नेपालमा नाकाबन्दी गरेपछि दसैंको किनमेल तथा रौनकतामा फिक्कापन आएको पल्लवीको अनुभव छ । चाहेर पनि विदेशमा खुलेर किनमेल गरेर नेपाल फर्कन नसकेको पल्लवी बताउँछिन् । मनभरि त्रास नै त्रास व्याप्त रहेकोले पोहोरजस्तो खुलेर कपडा तथा गरगहनाको किनमेल नगरी सामान्य दसैंको उपहार मात्र बोकेर नेपाल आएको उनले जानकारी दिइन् ।

विशेष गरेर, दसैंको बेला भारतको डुअर्स तथा देहरादुन र दिल्लीमा गएर सपिङ गर्ने गरेकी अभिनेत्री ज्योति शर्मा यसपालि त्यहाँ नगएको बताउँछिन् । भारतले अघोषित रूपमा नाकाबन्दी गरेपछि दसैंको सपिङ गर्न जाने मनभरिको रहर भए पनि वातावरण नमिलेकोले कोरियामा रहेका श्रीमान्ले सिओलमा सपिङ गरेर पठाएका उपहारमा ज्योतिले चित्त बुझाएकी छन् ।

बडादसैंको अवसर पारेर अधिकांश नेपालीहरु परदेशमा बगाएको पसिनाले बनाएका खुसीहरु लिएर स्वदेश फर्किने गर्छन् । जसले दसैंको मौसमभरि नेपालका गाउँ, बस्ती र शहरहरूमा खुसी र उत्साहको रंग भर्ने गर्छ । रोजगारी, पढाइ, व्यवसायका सिलसिलामा झण्डै ३ लाख विदेशिएका नेपालीहरु पनि दसैंको माहोलमा आमा, बुबा र आफन्तहरूको टीका थाप्न र आशीष लिन नेपाल फर्किन्छन् । छ्याङ्ङ खुलेको आकाश, बगैंचामा ढकमक्क फुलेका सयपत्री, रातो माटो र कमेराले पोतेर टल्काइएका ग्रामीण घर अनि छेवैको चौबाटोमा मच्चिरहेको पिङ, नयाँ रंगीन पहिरनमा खुलेका मानिसहरूको भीडले गाउँ, बस्तीमा बेग्लै रौनक सिर्जना गरेको देखिन्छ ।

वर्षभरि खाली लाग्ने गाउँहरु दसैंको अवसर पारेर नै भरिन्छन् । घटस्थापनादेखि रेडियो र टेलिभिजनमा गुन्जिरहेको मालश्री धुनले दसैंको उल्लास व्यक्त गरिरहेको हुन्छ । अझ शहरमा आकाशतर्फ उडिरहेका चंगा, तास, ड्रिंक्स र जमघटले दसैंको रमाइलो थपिरहेका हुन्छन् । सपिङ मलमा लाग्ने घुइँचो र किनमेलमा हुने मोलमोलाइ अनि दसैंका छुट अफरहरु छुटाउनै नहुने विषय नै भए ।

तस्बीर : कविन्द्रमान शाक्य



सफल कपडा व्यवसायी तथा श्रीनाथ कलेक्सनका सीइओ रमानाथ श्रेष्ठका अनुसार दसैंमा झण्डै ३० अर्ब रूपैयाँ बराबरको लत्ता-कपडाको कारोबार हुन्छ ।

लत्ता-कपडाको अलावा दसैंको बेला मासु, ड्रिंक्स, इलेक्ट्रोनिक्स सामान, सवारी साधनको पनि उल्लेख्य कारोबार हुने गर्छ । नेपाली समाजमा परम्परागत चलन नै छ, दसैंमा सबैले एकजोर नयाँ लुगा लगाउनै पर्ने । पछिल्लो समयमा त आफन्तहरूलाई दसैं, तिहारजस्ता पर्वमा उपहार दिने प्रचलन बढ्दो छ । सोही प्रचलनले गर्दा धेरैजसोले नेपालका शहरबजारमा नै दसैंको सपिङ गर्ने गरेका छन् । हुनेखाने हाइप्रोफाइलका व्यक्तिहरु विदेशमा सयर गरेर त्यहाँका सपिङ मल पुगेर सपिङ गरेर फर्कने गर्दछन् । सेभ द चिल्ड्रेनमा प्रोग्राम अफिसरका रूपमा कार्यरत धर्मराज बज्राचार्य त हाइप्रोफाइलका नेपालीहरूको सपिङका गन्तव्यका रूपमा बैंकक, मलेसिया, सिंगापुर, दक्षिण कोरिया फस्टाएको बताउँछन् । ती देशहरूमा छुट्टी मनाउन जाने नेपालीहरूको पनि कमी नभएको बज्राचार्य बताउँछन् । दसैंमा नेपालीहरूका लागि सपिङ गर्ने सहज र सरल मुलुकमा ती मुलुकहरु नै आफूले देखेको उनले बताए । मौका तथा अवसर मिलेको बेला ती मुलुकमा आफूलाई सपिङ गरेर नेपाल फर्केर दसैंमा परिवार तथा आफन्तलाई गिफ्ट दिनुको मज्जा बेग्लै हुने उनले बताए ।

विजनेश पर्सन दिनेश कार्की तथा गायिका सविना कार्की दम्पती अमेरिकाको क्यालिफोर्निया, ओरेगन, डेनबर सिटीमा सपिङ गर्नुको मज्जा नै बेग्लै रहेको बताउँछन् । कार्की दम्पतीले पोहोर अमेरिकाको यी सिटीमा दसैंको सपिङ गरेको क्षणलाई बिर्सेका छैनन् । अमेरिकामा नै रहेका छोरा-बुहारीलाई यो वर्ष पनि भेटेर दसैंका लागि त्यही सपिङ गरेर फर्कने चाहना यो वर्ष पूरा भएन ।

वैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पले विदेश गएर सपिङ गरेर नेपालमा दसैं मनाउने रहर नै नभएकोले नगएको कार्की दम्पतीले बताए । भारतसम्म गएर सपिङ गर्ने चाहना भए पनि अघोषित नाकाबन्दीले जाने वातावरण नभएकोले यो वर्षको दसैंको सामान्य सपिङ काठमाडौंकै सिटी सेन्टर र सिभिल मलमा नै गरेको उनीहरूले बताए ।

वर्षमा एकपल्ट आउने नेपालीहरूको महान पर्व बडादसैंले सबैलाई एक स्थानमा जोड्ने गरेको छ । स्वदेश तथा विदेशमा सपिङ गरेका उपहारबाट थप रौनकता आउने गरेको छ । त्यो रौनकता अघिल्ला वर्षको तुलनामा यो वर्ष महाभूकम्प, नाकाबन्दी, हडताल जस्ता विविध कारणले त्यति आउन नसकेको सामाजिक अभियन्ता ओमधर राजोपाध्याय शर्माको ठहर छ । अघिल्ला वर्षको तुलनामा यो वर्षको दसैंमा खासै नेपाली रम्न नसकेको र खुसी हुन नपाएको यथार्थ पनि शर्माले खोले ।

समयको बदलिंदो परिवेशसँगै दसैंका सामाजिक, सांस्कृतिक र आर्थिक पक्ष पनि क्रमशः बदलिँदा छन् । पहिले दसैं मासु खाने, टीका लगाउने, आशीर्वाद थाप्ने र दक्षिणा दिने कुराहरूमा सीमित थियो तर पछिल्ला वर्षहरूमा यसको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वरूपमा व्यापक परिवर्तन आइसकेको छ । यसको पछाडि पश्चिमाकरण र उपभोक्तावादी संस्कृति मुख्य जिम्मेवार देखिन्छ ।

खासगरी, खुला सामाजिक परिवेशले दसैंको बदलिँदो स्वरूपलाई बल पुऱ्याइरहेको छ । दसैंको आर्थिक पक्ष र भौतिक पक्षमा सबैभन्दा ठूलो क्रान्ति भएको छ । दसैंलाई भनेर ठूलो धनराशि खर्च गर्नुपर्ने भएको छ । एकसरो नयाँ लुगा लगाउने पुरानो मान्यताको ठाउँमा अहिले डिपार्टमेन्ट स्टोरहरूमा महंगा लुगा तथा अन्य सामान किन्ने होड छ ।

समाजशास्त्री वसन्त ढकाल यसलाई पुँजीवादीकरण र उपभोक्तावादी संस्कृतिको कारण मान्छन् । परिवर्तित दसैंमा उपहारको अर्थ पनि धेरै चुलिँदै







गएको छ । पछिल्लो पुस्ता परिवारसँग महँगा उपहार, ग्याजेटहरूको माग दसैंको बेला गर्ने गर्छन् । उपहारको माग थेगिनसक्नु गरी बढिरहेको छ । समाजशास्त्री ढकाल यसलाई प्रदर्शनकारी संस्कृतिको रूपमा अर्थ्याउँछन् । खानपिन, जुवातास, मदिराजस्ता कुराहरूमा पनि व्यापकता आएको छ । तन्नेरी र केही पाका उमेरका समेतले यसमा पैसा पोख्न थालेका छन् । कसले के खायो ? के लगायो भन्ने कुरा पनि निजी हुन छाडिसकेको छ ।

## उपहारै उपहार

केही वर्ष अगाडिसम्म आम नेपालीलाई राम्रो लगाउन र मीठो खान दसैं-तिहार कुर्नुपर्थ्यो । दसैंमा जसरी भए पनि पैसाको जोहो गरी नयाँ कपडा किनेर लगाउने प्रचलन थियो । अहिले अधिकांश नेपालीलाई राम्रो लगाउन र मीठो खान दसैं-तिहार नै कुर्नुपर्ने बाध्यता छैन । विभिन्न पेसा-व्यवसायबाट आयस्रोत बढाउँदै गएका नेपालीहरु अहिले चाहेको बेलामा आफूलाई आवश्यक वस्तुहरु खरिद गर्ने सामर्थ्य राख्छन् ।

यद्यपि, आम नेपालीहरु अत्यावश्यक बाहेकका सामान खरिद गर्न दसैं-तिहार नै कुर्ने गरेका छन् । पहिला दसैंमा पैसा जोहो गरेर सामान खरिद गरिन्थ्यो, अहिले उपहार तथा छुटका लागि दसैं कुर्न थालिएको छ । उत्पादक, विक्रेता तथा उपभोक्ता तीन पक्षका लागि दसैं-तिहार सामान खरिद बिक्रीका लागि उपयुक्त समय बनेको छ । दसैं-तिहार आउनु हप्तौंअघिदेखि उत्पादक तथा विक्रेताहरु आफ्नो व्यापार बढाउन आकर्षक छुट तथा उपहारको घोषणामा प्रतिस्पर्धा गर्न थाल्छन् ।




पछिल्लो समय उपहार र छुट नदिई सामान नै बिक्री नहुने अवस्था आइसकेको व्यवसायीहरु बताउँछन् । दसैं-तिहारमा सामान्य किराना पसलदेखि सवारीसाधन विक्रेतासम्म सबैले ग्राहक आकर्षित गर्न उपहार तथा छुट योजना ल्याउने गरेका छन् । दसैंमा कर्मचारीहरूले बोनससहित तलब बुझ्ने हुँदा पनि अन्य सिजनमा भन्दा बढी किनमेल हुन्छ । यही कुरालाई मध्यनजर गर्दै उत्पादक तथा विक्रेता उनीहरूलाई आकर्षित गर्न छुट र उपहार घोषणा गर्ने गर्छन् ।

उपहार तथा छुटले उपभोक्ता आकर्षित गर्ने गरेको सिभिल मलका व्यवसायी थापा बसन्त बताउँछन् । त्यसो त अधिकांश व्यवसायी यो समयमा गर्मी यामका लुगाहरूको स्टक क्लियरेन्स गर्न पनि आकर्षक छुट तथा उपहार दिने घोषण गर्ने गरेको थापा बसन्तको अनुभव छ । थापाका अनुसार वर्षभरि हुने कारोबारको ३० प्रतिशत दसैं-तिहारमा हुने गर्छ । यो समयमा कतिपय व्यवसायीहरूले वर्षभरिलाई पुग्ने कारोबार गर्छन् । यो समयमा उपभोक्ताले लुगाफाटो मात्र नभई घरायसी सामान तथा अन्य विलासी समानसम्म खरिद गर्ने गर्छन् ।

सामसुङ मोबाइलको आधिकारिक वितरक आइएमएसले प्रत्येक वर्षजस्तै यो वर्ष पनि आफ्ना ग्राहकका लागि दसैं-तिहार योजना ल्याएको छ । निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल तथा सरकारी एनटीसीको आ-आफ्नै बेग्लै योजनाले ग्राहक तान्ने प्रतिस्पर्धा रहेको छ । हुन्डाई गाडीको नेपालका लागि आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले दसैं-तिहार उपहार सहित छुट योजनाले ग्राहकलाई आकर्षित पार्ने कार्य गरेको छ ।

सीजी इलेक्ट्रोनिक्सका बबाल छुट योजना लगायत शिखर सुजका शिखर शु उपहार योजना, जगदम्बा, रिद्धीसिद्धी, फिलिप्स, हिमस्टार जस्ता थुप्रै कर्पोरेट कम्पनीका उपहारले दसैं-तिहार रन्केको छ । दसैं-तिहार उपहार योजनामा सपिङ गर्नु अरूबेला भन्दा फाइदा नै हुने काठमाडौंको न्यूरोडस्थित विशालबजारमा सपिङ गर्दै गरेकी ब्युटीसियन शान्ति श्रेष्ठले प्रतिक्रिया दिइन् । श्रेष्ठले अरूबेला एकपैसा नघटाउनेहरु पनि दसैं-तिहारको बेला उपहारको नाममा विभिन्न छुट तथा उपहार दिने गरेको अनुभव सुनाइन् ।



## नेपाली कलाकारका दसैं

विश्वको उच्चशिखर सगरमाथाको सफल आरोहण गरेकी अभिनेत्री निशा अधिकारीले यो वर्षको दसैं अफ्रिकाको सबैभन्दा उच्च हिमाल किलिमनजारो आरोहण गरेर बिताउने भएकी छन् । त्यसको तयारीको क्रममा अक्टोबर १ मा नै नेपालबाट त्यसतर्फ लागिसकेकी छन् ।

सात महादेशको सात उच्च हिमाल चढ्ने आफ्नो योजनाबमोजिम अफ्रिकाको किलिमनजारो हिमाल दसैंको बेला चढ्न जान लागेको हट नेपालसँगको कुराकानीमा अभिनेत्री अधिकारीले बताइन् । ६ हजार मिटर अग्लो किलिमनजारो हिमाल अक्टोबर ९ का दिने सफल आरोहण गरेर नेपाल फर्कने योजना अधिकारीले सुनाइन् ।

चलचित्र 'देउता'की नायिका सिर्जना बस्नेत हाल सिंगल रहेकी छन् । कुनैबेला चलचित्र निर्माता बिजु रंजितसँग विवाह गरेर फिल्मलाइनबाट लगभग टाढिएकी चालिसको दशककी प्रभावशाली नायिका बस्नेतले यो वर्षको दसैं ८० कटेकी आमाको स्याहारमा बिताउने भएकी छन् । आमालाई मन पर्ने परिकार पकाएर खुवाउने तथा छोरासँगै चंगा उडाएर रमाइलो गर्ने योजनामा उनी रहेकी छन् ।

पचास हजारसम्म पर्ने सारी आफ्नो कलेक्सनमा रहेको बताउने नायिका नन्दिता केसीले यो वर्षको दसैंका लागि नै त्यति महंगो सारी किनेको खुलासा गरेकी छन् । सारी असाध्यै मन पर्ने पहिरन भएकाले महंगो सारी किनेर दसैंलाई 'झक्कास' गर्ने कोसिसमा आफू रहेको उनले बताइन् ।

नायिका गरिमा पन्त भने हरेक वर्षजस्तै यो वर्ष पनि गृहनगर तनहुँ गएर दसैं मनाउने तयारी लगभग पूरा भएको बताउँछिन् । त्यसको लागि सपिङ पनि पूरा गरिसकेको पन्तले भनेकी छन् । नेपालमा कार्यरत भारतीय मोडल सिमरन मुखर्जीले अघिल्लो वर्षमा जस्तै यो वर्ष पनि दसैं नेपालमा नै मनाउने भएकी छन् । जन्मस्थान कोलकातामा गएर दसैं मनाउन त्यति मज्जा नहुने बरू, नेपालकै दसैं रमाइलो हुने भएकोले यतै मनाउने उनले बताइन् । दसैंमा बढी मात्रामा घुमघाम गरेर मनाउने योजनामा उनी रहेकी छन् ।

तीन नेपाली चलचित्र शिखर, कैदी तथा आवारामा हिरो भएपछि एकाएक बेलायतको मेनचेस्टर पुगेका नायक विज्ञान जोशी तेह्र वर्षपछि दसैं मनाउन नेपाल फर्केका छन् । लामो समय भारतको मुम्बई बसेका नायक निखिल उप्रेती पनि चलचित्र भैरवको रिलिजको क्रमसँगै यो वर्षको दसैं नेपालमा नै मनाउने पक्षमा छन् । नेपालमा नै रहेकी पत्नी अभिनेत्री संचिता लुइँटेल तथा परिवारका साथमा










दसैं मनाउन मुम्बईमा सपिङ गरेर आएको नायक उप्रेतीले बताए ।

हरेक वर्ष दसैंको बेला अमेरिका जाने गरेका नायक राजेश हमाल यो वर्ष पत्नी मधु भट्टराईसँग नेपालमा नै दसैं मनाउने मुडमा छन् । विराटनगर ससुरालीमा दसैंको टीका थाप्न जाने चाहना भए पनि तराई-मधेस आन्दोलनले जाने खासै मुड बन्न नसकेको हमालले बताए । मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले अघिल्ला दसैंमा जस्तो यो वर्ष विदेशको कार्यक्रम नराखेको बताए । नेपालमा नै दसैं मनाउने तर्खरमा रहेको भन्दै सबै नेपालीमा शुभकामना दिएका छन् ।

■ **श्याम स्मृत**










# करिश्माको करेसा



■ **दीपक लोहनी**

अर्गानिक तरकारी, फलफूल, माछामासु र खाद्यान्नको माग शहरी क्षेत्रमा ह्वात्तै बढेको छ । अधिकांश घरहरूमा कौसीमै भए पनि तरकारी रोप्ने चलन चलेको छ । घर कम्पाउण्डभित्र खाली जग्गा हुनेहरूको त शान र सौन्दर्य नै बेग्लै हुने भइहाल्यो ।

बरिष्ठ नायिका करिश्मा मानन्धर अर्गानिक तरकारी र खाद्यान्नमा विशेष चासो राख्छिन् । अर्गानिक खानाले स्वास्थ्य र सौन्दर्य दुवै राम्रो हुने कुरामा उनी विश्वस्त छिन् । त्यसैले उनले आफ्नो बसाइलाई लाजिम्पाटको व्यस्त व्यापारिक ठाउँबाट हटाएर ललितपुरको टौखेलको सुन्दर प्राकृतिक छटामा पुर्‍याएकी छन् । घर कम्पाउण्ड दुई रोपनी जति छ । त्यहाँ उनले सबै मौसममा केही न केही फल्ने फलफूलहरु रोपेकी छन् । केरा, हलुवाबेद, जामुन, अम्बा, खुर्पानी, आरू, किम्बु, अमला सबै छन् । यतिखेर कौसीमै सुन्तला झुलिरहेको छ । स्याउ र मुन्तलाले वातावरणलाई मनमोहक बनाएको छ ।

घरको ठीकअगाडि नायिका करिश्माको तीन रोपनी जतिको आफ्नै करेसाबारी छ । त्यहाँ उनले अर्गानिक तरकारी रोप्नुका साथै लोकल कुखुरा र माछा पालेकी छन् । ढलान घरबाट वाक्क भएको बेला मन बहलाउन बाँसैबाँसको एक सुन्दर कुटी पनि बनाएकी छन् ।

करिश्माको करेसामा यतिखेर लमतन्न लौकाहरु झुलेका छन् । स्कुसहरु लहरामै खेलिरहेको देखिन्छ । माछाको पोखरी वरिपरि भ्यान्टाहरु फलेका छन् । लसुनले टुसा हाल्दो छ । साग र मुलाका दुई-तीन जातहरूले करेसाबारीमा हरियाली फिँजाइरहेको छ ।

अण्डा र मासु खान नायिका करिश्मा मानन्धरको परिवारलाई बाहिरी बजार धाउनु पर्दैन । लोकल कुखुराको बथानै पालेकी छन् । फराकिलो करेसाबारीको बीचमा एउटा पोखरी छ, जसले करेसाको सौन्दर्य ह्वात्तै बढाएको छ । आफूलाई चाहिने माछा करिश्मा त्यहींबाट निकाल्छिन् ।

बोटबिरूवालाई आवश्यक मल करिश्मा आफ्नै कम्पाउण्डबाट बनाउँछिन् । भान्छाबाट निस्किने गल्ने फोहर, बारीको झारपात र कुखुराको मल आफ्नै करेसामा प्रयोग गर्छिन् ।





करिश्माको करेसाको कुरा गर्दा यदि उनका पति विनोद मानन्धरलाई सम्झिएन भने त्यो अपूरो हुने छ । करिश्माको करेसाको डिजाइनर प्रकृतिप्रमी विनोद नै हुन् । उनी करेसा र कौसी खेतीको अत्यन्त सोखिन हुन् ।

दसैंको अवसरमा हरेक नेपालीसँग फुर्सदिलो समय हुने छ । तर यो समय हामी मासु, रक्सी र ताससँग बिताएर खेर फाल्छौं । यही समय बढी उपयुक्त हुने छ, घरका गमलाहरु सफाचट बनाउन, कौसी खेतीमा सागजन्य तरकारीहरु रोप्न र करेसा हुनेहरूले अनेक तरकारीहरु रोपी फलाउन । सधैं दसैंमा मासु, रक्सी र तासमा बिताउनुभन्दा घर कम्पाउण्डभित्रै प्रकृतिसँग खेल्नु उपयुक्त हुने छ । सबै चाँजोपाँजो नमिले करिश्माको करेसा र विनोदको सौखमा एकक्षण बहकिनु पनि सायद आनन्ददायी नै हुनेछ ।



# सबैका लागि आँखा सेवा

सबैका लागि आँखा सेवा यस वर्षको विश्व दृष्टि दिवसको नारा बनेको छ । सन् २००० देखि संयुक्त राष्ट्र संघको आह्वानमा यो दिवस संसारभर मनाउँदै आइएको छ । अंग्रेजी महिना अनुसार हरेक अक्टोवर महिनाको दोस्रो बिहीवार विश्व दृष्टि दिवस मनाइने गरिन्छ । यस वर्ष यही अशोज २८ गते यो दिवस पर्दछ । विश्वमा अहिले झण्डै चार करोड मानिसहरु दृष्टिविहीन छन् । यस्तो दृष्टिविहीनता जन्मैदेखि वा त्यसपछि अरु विभिन्न कारणहरुले हुने गर्दछ । विश्वभर करिव १२ करोड ४० लाखभन्दा बढी व्यक्तिहरु न्यून दृष्टिको समस्यामा पनि छन् । अन्य आँखासम्बन्धीका विभिन्न रोगहरु पनि विश्वभर छन् । विश्वभरका सबैको दृष्टि जोगाउने र आँखासम्बन्धीका विभिन्न रोगहरुको उन्मूलन र कम गर्ने र गराउने सहकार्य र जनचेतना सबैमा पुऱ्याउने यस दिवसको मुख्य उद्देश्य हो । विशेषगरी आँखासम्बन्धीका धेरै रोगहरु र त्यस्ता रोगीहरुको संख्या नेपाल जस्तो विकासोन्मुख देशहरुमा बढी छन् । हाम्राजस्ता देशहरुले सावधानी, सामान्य होसियारी र बेलैमा उपचार गरेर निको हुने आँखा स्वास्थ्यको कुरालाई ध्यान दिने गरेको देखिँदैन । हामी रोग लागेपछि मात्र उपचार गर्ने गराउने प्रवृत्तिमा हुर्केका छौं । आँखा स्वास्थ्यका विज्ञहरु आँखामा कुनै रोग नलागे पनि वा कुनै समस्या नदेखिए पनि कम्तिमा ६/६ महिनामा वा वार्षिक रुपमा सम्बन्धित चिकित्सकलाई देखाउनु राम्रो हुन्छ भन्छन् । संसारभर एकै दिन यस वर्ष अशोज २८ गते सबैका लागि आँखा सेव (Eye Care For All) भनी मनाइने विश्व दृष्टि दिवस नेपालमा पनि औपचारिक रुपमा नेपाल नेत्र ज्योति संघ र आँखा स्वस्थ्य सेवासँग सम्बन्धित संघ, संस्था र सम्बन्धित सबैले विभिन्न कार्यक्रमहरु गरेर मनाउने छन् । धेरैका कार्यक्रमहरु औपचारिक रुपमा सार्वजनिक भैसकेका पनि छन् । यसै सन्दर्भमा सम्बन्धित पक्षघरहरुका केही भनाइ–

## नेपालमा विश्व दृष्टि दिवस



प्रा. डा. तीर्थप्रसाद मिश्र
अध्यक्ष, नेपाल नेत्र ज्योति संघ

नेपालमा हाल एक लाख बीस हजार जना दुवै आँखा देख्दैनन् । वर्षेनी थप ३० हजार जना दुष्टिविहीन हुन्छन् । नेपालमा चार लाख भन्दा बढी मानिस एउटा आँखामा दृष्टिविहीन छन् । दुई लाख बयश्क र ९० हजार बालबालिकाहरू न्यून दृष्टिको समस्याबाट पीडित छन् । नेपालमा अन्धोपन र न्यून दृष्टिको प्रमुख कारण मोतिबिन्दु, जलबिन्दु, मधुमेह तथा उच्च रक्तचापबाट हुने अन्धोपन, चोटपटक, भिटामिन ए को कमी, दृष्टि पर्दा र स्नायुसम्बन्धीका विभिन्न कारण र रोगहरू हुन् । यो नेपालको स्वास्थ्य सेवाको क्षेत्रमा आर्थिक र सामाजिक समस्याको एक भाग पनि हो । जसलाई हामी निराकरण वा कम गर्न सक्दछौं । जनचेतनाको मूल अर्थ बोक्ने यो विश्व दृष्टि दिवस नेपालमा आँखा सेवा उपलब्ध गराउने प्रमुख संस्था नेपाल नेत्र ज्योति संघले हरेक वर्ष मनाउँदै आएको छ र यस वर्ष पनि मनाउने छ ।

नेपालमा आँखा स्वास्थ्य सेवाका लागि जनचेतना अभिवृद्धि गर्न एवं उपचारका लागि नेपाल नेत्र ज्योति संघअन्तर्गत देशभर १७ वटा अस्पताल र ६० वटा जिल्लामा प्राथमिक उपचार केन्द्रहरू रहेका छन् । यी सबैले आ–आफ्नो क्षेत्र र स्थानमा यस वर्ष विश्व दृष्टि दिवसको नारा अनुरूप सबैका लागि आँखा सेवाको पहुँच पुऱ्याउन, सेवा प्राप्ति र आँखा स्वास्थ्यको महत्वका बारेमा जनचेतना फैलाउन विभिन्न कार्यक्रम गरी मनाउने छन् ।

## आँखा सेवाको समस्या र चुनौती



शैलेशकुमार मिश्र
निर्देशक, नेपाल नेत्र ज्योति संघ

नेपालले आँखा स्वास्थ्य क्षेत्रमा निकै महत्वपूर्ण सफलता प्राप्त गरिरहेको छ ।आँखा स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरुका न्यून वा कम भएका पनि छन् । तर जनसंख्या वृद्धिको अनुपातले गर्दा समस्याहरू यथावत् देखिएका पनि छन् । यससँग जुध्न नेपालमा नेपाल नेत्र ज्योति संघ केन्द्रीय नेतृत्वको रूपमा देखिएको छ । अहिले केही संघ संस्थाहरू पनि लागेका छन् ।

नेपालमा आँखा  स्वास्थ्य क्षेत्रमा नयाँ नयाँ समस्या र चुनौतीहरू थपिदै पनि छन् । समग्र स्वरूपमा आँखा स्वास्थ्यका लागि अस्पताल, उपचार केन्द्र एवं यससँग सम्बन्धित सरकारी, गैर सरकारी र निजी संघ, संस्था र कार्यालय शहर र सदरमुकाम केन्द्रित छन् । आँखा स्वास्थ्य विशेषज्ञ एवं दक्ष जनशक्तिको कमी, स्वास्थ्य सेवा सुलभ र सस्तो नहुनु, सरकारी, गैरसरकारी, निजी क्षेत्र र सम्बन्धित वैदेशिक सहयोग एकीकृत, साझेदारी र समन्वयका आधारमा हुन नसक्नु रहेको छ ।  त्यसैगरी तथ्यांक संकलन, लक्षित समूहको पहिचान, जनचेतना, पहुँचको कमी एवं राज्यको न्यून लगानी पनि आँखा स्वास्थ्य क्षेत्रको समस्या हुन् । चुनौतीका रूपमा यस क्षेत्रमा स्थापित संस्थाहरूका अनुमति, दर्ता र नवीकरणको सरकारी नीति र कमजोरी, सम्बन्धित ऐन नियम र केन्द्रीकृत समन्वय र निकायको  प्रभावकारिता र समन्वयमा विश्वास एवं सहकार्यको कमी, गरिबी, भौगोलिक विकटता र सेवाको पहुँच पनि चुनौतीपूर्ण छन् । लैंगिक समस्या, गुणस्तर सुनिश्चितता, स्थायित्व, आर्थिक समस्या एवं स्थानीय निकाय र जन सहभागिताको विषय पनि चुनौतीका रूपमा रहेका छन् । उल्लेखित समस्या र चुनौतीको प्रभावकारी व्यवस्थापन गर्न विश्व दृष्टि दिवसजस्ता कार्यक्रमहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ध्यान केन्द्रीय गर्न मद्दत गर्दछन् ।

## आँखा सेवालाई यसरी प्रभावकारी बनाउन सकिन्छ



श्यामकुमार पोखेल
महासचिव, नेपाल नेत्र ज्योति संघ

दृष्टि मानिसको सर्वाधिक महत्वको विषय हो । यो आँखा स्वास्थ्य सेवासँग सम्बन्धित छ । जसको कुशल व्यवस्थापनले दृष्टि विहीनता कम गर्न सकिन्छ, आँखाका अन्य रोगहरूलाई निको पार्न सकिन्छ र आँखा स्वास्थ्य सेवाको पहुँच सबैमा पुऱ्याउन पनि सकिन्छ । त्यसका लागि उपचारद्वारा निवारण गर्न सकिने दृष्टिवहीनतालाई निर्मूल गर्न निरोधात्मक एवं प्रवर्द्धनात्मक सेवाहरूको विकास र विस्तार गर्ने, आँखा रोगहरूको नियन्त्रणको लागि आवश्वक प्रबन्ध गर्ने एवं सेवाको गुणस्तर वृद्धि गर्दै लैजानु पर्छ । त्यसैगरी जनशक्ति र प्रविधिको समतामूलक बाँडफाँड, पूर्वाधार निर्माण, उपचार सेवाको विस्तार, विकास, जनचेतनामूलक कार्यक्रमलाई समन्वयात्मक रूपमा प्राथमिकता क्षेत्र निर्धारण गरी अगाडि बढाउन सके देशभर आँखा सेवाको पहुँच र प्रभावकारिता वृद्धि हुनेछ । यस कार्यका लागि नेपाल नेत्र ज्योति संघले आँखा स्वास्थ्य सेवालाई सर्वसाधारण नागरिकको आधारभूत अधिकारको रूपमा ग्रहण गर्दै देशका सबै भौगोलिक क्षेत्र तथा प्रशासनिक एकाईहरूमा आँखा उपचार सेवाको विस्तार र विकासका लागि आफ्नो कार्य योजनालाई अगाडि बढाएको छ । आफू सम्बद्ध अस्पताल, उपचार केन्द्र, आँखा उपचार सेवा लगायतलाई अझ प्रभावकारी बनाउन एकीकृत प्रणालीमा संचालन गर्ने प्रबन्ध मिलाएको छ । सरकारी नीति र आँखा सेवासँग संलग्न अन्य संघसंस्था र कार्यालयहरूले पनि राष्ट्रिय आँखा स्वास्थ्य नीतिको पालना र समन्वयात्मक सेवा प्रणालीमा समाविष्ट हुनुपर्दछ ।

## बालबालिकाको आँखा सेवा



डा. सल्मा केसी
आँखा विशेषज्ञ

सुन्दर संसार हेर्ने यी हाम्रा आँखाहरू अति नै संवेदनशील अंग हुन् । तसर्थ हामीले आफ्ना बालबालिकाहरूका आँखाको धेरै ख्याल गर्नु पर्दछ । हाम्रो देशमा चेतनाको कमीले गर्दा असख्य बालबालिकाहरू विभिन्न कारणले अन्धो भइरहेका हुन्छन् । आँखामा चोटपटक लाग्दा वा परिक्षण नगराइकन आँखाको औषधि राख्नाले वा रोगी आँखालाई समयमा परीक्षण नगर्नाले पनि धेरै बालबालिकाहरू दृष्टिविहीन भएको पाइन्छ । आँखामा केही समस्या नभए पनि समय-समयमा नियमित आँखा जाँच गराउनु उपयुक्त हुन्छ । बाहिरबाट हेर्दा सामान्य देखिएझैं लाग्ने भए पनि दृष्टि शक्ति कम भएको आँखालाई अल्छी आँखा भनिन्छ । विशेषगरी बालबालिकाहरूको स्वास्थ्यका लागि बुबा आमाले आँखा सफा गरिदिने, हरियो सागपात एवं पोसिलो खाने कुरा र फलफूलहरू खुवाउनु पर्दछ । यसले  बालबालिकाहरूको आँखा र स्वास्थ्यमा राम्रो असर गर्दछ । आँखामा चोटपटक लागेमा, आँखा पाकेमा, आँखा डेडो भएमा वा आँखाको दृष्टि कम भएमा तुरून्त आँखा अस्पतालमा जचाउनु पर्दछ ।

## आँखा सेवामा संघको सक्रियता



सविता केसी
नेपाल नेत्र ज्योति संघ

नेपाल नेत्रज्योति संघले देशका हरेक भौगोलिक क्षेत्रमा सबैको सहज पहुँचमा पुऱ्याई उपचारयोग्य दृष्टिविहीनतालाई क्रमशः निर्मूल पार्दै लैजाने लक्ष्य लिए अनुरूप कार्य पनि गर्दै आएको छ ।  यस क्रममा संघले आफ्नो सेवालाई मुलुकका प्रायः सबै क्षेत्रमा पुऱ्याउन सफल पनि भएको छ । संघका सामु सेवाको गुणस्तरीयता अभिवृद्धिका साथै बढ्दो जनसंख्या र यसले सिर्जना गर्ने सेवाको चापलाई कसरी सन्तुलन गर्ने र विद्यमान जनशक्तिलाई कसरी टिकाएर राख्ने भन्ने सम्बन्धमा कार्ययोजनाअनुरूप लागिरहेको छ । थप विशेषज्ञ जनशक्ति उत्पादन गर्ने, आँखा स्वास्थ्यका क्षेत्रमा थपिँदै गएका नयाँ नयाँ चुनौतीहरूको कसरी सामना गर्ने, देशका दुर्गम क्षेत्रहरूमा आँखा स्वास्थ्य उपचारको दिगो सेवाको प्रबन्ध कसरी गर्ने जस्ता काममा पनि निरन्तर क्रियाशील रहेको छ ।

**प्रस्तुति : डा. उद्धव पुरी**





# चर्चाका लागि अंग प्रदर्शन नगर्ने

मोडलिङमा मोडलहरूको बढी मात्रामा एक्सपोजर हुने गरेको छ । त्यो कतिपय मोडलहरूको आफ्नै चाहना तथा कतिपय कसैको दबाबमा हुने गरेको तथ्य प्रकाशमा आइरहेको पाइन्छ । जुन मोडलहरूको लागि क्षणिक लाभ भए पनि दीर्घकालीन नहुने प्रमाणित जस्तो भइसकेको छ । यस्तो अवस्थामा एक्सपोजर बनेर क्षणिक लाभ लिने पक्षमा २१ वर्षीया मोडल अस्मिता केसी देखिएकी छैनन् ।

नुवाकोट त्रिशूलीकी मोडल केसी मोडलिङ क्षेत्रमा विगत दुई वर्षदेखि कार्यरत छिन् । समर काउचर, नमूना फेसन-शो लगायतमा मोडलिङ गरिसकेकी उनी आफूलाई हट मोडल भन्न रूचाए पनि हट मोडलको नाममा एक्सपोजर नबनेको बताउँछिन् ।

एक्सपोजरको नाममा न्यूड फोटो हालसम्म नखिचाएको र खिच्ने रहर पनि नभएको उनले भनेकी छन् । परिवारसँग बसेर हेर्न मिल्ने फोटो मात्र खिचाएकी उनी चाँडै नै अष्ट्रेलिया डिपेन्डेन भिषामा जाने भएकी छन् । त्यसको लागि हाल प्रक्रियामा रहेकी छन् ।

अष्ट्रेलिया गएपछि पनि त्यहाँ मौका र अवसर मिलेमा मोडलिङ गर्ने पक्षमा रहेकी छन् । फिल्म खेल्ने रहर पनि बोकेकी उनमा टप फिल्मी हिरोइन बन्ने चाहना छ । ब्याचलर थर्ड एअरमा अध्ययनरत रहेको बताउने उनी आफैले आफ्नो नराम्रो बानी भनेको स्मोक गर्नु भनेकी छन् ।

स्मोक लत जस्तै भए पनि नभई नहुने नभएको उनी बताउँछिन्। साथीभाइसँग हल्का ड्रिंक्स गर्ने बेलामा स्मोक गर्ने बानी भएको उनले खुलासा गरेकी छन् । अरू बेला खासै स्मोक गर्ने नगरेको बताउने उनी स्मोक गर्नु राम्रो भने होइन भनेर अरूलाई नगर्न अनुरोध गर्छिन् ।



# गायक सूर्य थुलुङको नयाँ दस्तावेज



तीसको दशकदेखि नेपाली आधुनिक गीत-संगीतमा सक्रिय सदावहार गायक एवम् संगीतकार सूर्य थुलुङ यो वर्ष निकै सक्रिय बनेका छन् । वैशाख १२ र २९ को महाभूकम्पपछि कम्पित मन तथा मस्तिष्कलाई गीत-संगीतको मल्हम लगाउने कार्यमा गायक थुलुङ खरानीभित्रको आगो बनेर लागिपरेका छन् ।

वैशाखयता दसैंअगाडिसम्म मात्र आधा दर्जनभन्दा बढी देशप्रेमले ओतप्रोत गीत रेकर्ड गरेर दसैंको शुभकामना स्वरुप ती गीतलाई एल्वमको रूपमा ल्याएका छन् । माटो र देश नाम दिएर दसैं तथा तिहारको कोसेलीको रुपमा एल्वम निकालेका गायक थुलुङको पछिल्लो सदावहार सांगीतिक दस्तावेज बनेको छ । नेपाली सदावहार संगीतमा कालजयी गीत गाएर गायक थुलुङले इतिहास रचिसकेका छन् ।

२०१५ साल असार १३ गते इलामको श्रीअन्तुमा जन्मिएका गायक थुलुङको २०३४ सालमा पहिलोपल्ट रेडियो नेपालमा गीत रेकर्ड भएको थियो । जुन गीत थियो- मागी मीठो खाँदैन, चोरी राम्रो लाउँदैन- यो नेपाली टिठो... । यसको अलावा बादलुको दरबार, माछी मारन हो दाइ, स्याङ्जा भरेसी जस्ता दर्जनौं दर्जन सदावहार कालजयी गीत थुलुङको परिचय बनेको छ ।

यिनै सदावहार गीतबाट नेपाली सुगम संगीतमा अगाडि बढेका उनी रेडियो नेपाल तथा नेपाल प्रज्ञाप्रतिष्ठानको जागिरे हुँदै जापानसम्म पुगे । जापानमा सात वर्ष बसेर त्यहाँ पनि नेपाली गीत-संगीतको प्रवर्द्धन गर्ने कार्यमा समेत सफल बने । उनै कालजयी गीतका स्रष्टा थुलुङका गुरू इलामको देउमाइको किनारमा शहीद भएका रत्न बान्तवा हुन् । शहीदका चेला थुलुङले हालसम्म ३ सय गीत गाइसकेका छन् । डेढ सय गीतमा संगीत दिइसकेका छन् । १ सय गीत लेखिसकेका छन् ।

# परिश्रमीको गीतमा तिर्सना




मुटुमा घाउ लागेपछि गीत बन्छ । त्यो गीतभित्र मायाका कुरा हुन्छ । पीडाका कुरा हुन्छ । समाजलाई परिस्कृत गर्ने प्रेरणादायी कुरा हुन्छ । गीत तथा संगीत त बाँच्ने औषधि पनि हो । यसै गीत-संगीतमा तीन दशकदेखि आबद्ध भए पनि हालैमात्र पहिलो गीति एल्वम 'तिर्सना' निकालेका गीतकार डीपी परिश्रमीको वास्तविक नाम डोलप्रसाद दाहाल हो ।

पेसाले लेखापरिक्षक गीतकार परिश्रमी सामाजिक अभियन्ताको रूपमा क्रियाशील छन् । उनी असंवादी कल्याण संघ नेपाल नामक अपाङ्गता क्षेत्रको सामाजिक संस्थामा आबद्ध छन् । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था-आइक्यानको निवर्तमान पार्षद, नेपाल अडिटर्स् एशोसियन अडानका उपमहासचिव, लायन्स क्लब अफ काठमाडौं ब्रभका पूर्वअध्यक्ष, लायन्स क्लब अफ इन्टरनेशनल ३२५ बिटु नेपालका जोन चेयरपर्सन, गीतकार संघका सदस्य लगायत थुप्रै संघ-संस्थामा गीतकार परिश्रमी आबद्ध छन् ।

लामो समयदेखि गीत लेखनमा सक्रिय गीतकार परिश्रमीको पहिलो गीति-एल्वम 'तिर्सना' डिलाइट म्युजिक इण्डस्ट्रिजको उत्पादन तथा वितरणमा बजारमा आएको हो । गीतकार परिश्रमीको तिर्सनामा मन छुने सातवटा आधुनिक गीतको संग्रह रहेको छ ।

नेपाली मेलोडी किङ बरिष्ठ संगीतकार शंभुजित बाँस्कोटाको कर्णप्रिय संगीत रहेको तिर्सनाका सबै गीत श्रुतिमधुर रहेका छन् । जसमा मिलन अमात्य, स्वरूपराज आचार्य, हेमन्त शर्मा, सत्यराज आचार्य, आस्था रावत, राज सिग्देल र प्रमोद खरेलको गायन रहेको छ । आँखाबाट, माया मीठो, परदेशी छोरो लुकी लुकी, आजभोलि, त्यो पारि डाँडा बोलका गीतहरू रहेका छन् ।

मनोहर सुनामको म्युजिक एरेन्ज, प्रदीप उपाध्यायका मास्टरिङ रहेको क्वालिटी प्रडक्ट मानिएको एल्वम तिर्सनाको निर्मात्री रीता सिम्खडा दाहाल रहेकी छन् ।

# क्वालिटी फुडको क्वालिटी



तस्वीर : कविन्द्रमान शाक्य






सन् १९९० बाट संचालनमा आएको क्वालिटी फुड क्याफेले यो वर्षबाट २५ वर्ष पूरा गर्दै छ । काठमाडौंको डिल्लीबजार चारखालबाट प्रारम्भ भएको क्वालिटी फुड क्याफे काठमाडौंमा चेन रेष्टुरेन्टको रूपमा विकास भएको छ । डिल्लीबजार चारखालको अलावा बबरमहल, हरिहरभवन–पुलचोक, तीनकुने, बागडोल, बालकुमारी, शंखपार्क र न्यूरोड गरेर ८ स्थानमा क्वालिटी फुड क्याफेको शाख विस्तार भएको छ । न्यूरोडको क्वालिटी फुड क्याफेका प्रबन्ध संचालकद्वय राजेश श्रेष्ठ र दुर्गानारायण श्रेष्ठका अनुसार क्वालिटी फुड क्याफेको संस्थापक फणीन्द्रबहादुर श्रेष्ठ र सन्तलाल श्रेष्ठ हुन् । रामेछापबाट काठमाडौंमा आएर क्वालिटी फुड क्याफेको चेन रेष्टुरेन्टको विकास गर्ने परिकल्पना अनुसार नै भएको उनीहरूले बताएका छन् । काठमाडौं उपत्यकामा मीठो खाना र खाजा सरल तथा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले यो चेन रेष्टुरेन्ट स्थापना भएको हो । न्यूरोडको क्वालिटी फुड क्याफेमा विशेषतः खानाभन्दा खाजा खान आउनेहरूको बढी भीड हुने गरेको छ । शहरको मुटुमा रहेकोले पनि न्यूरोड घुम्न र सपिङ गर्न आउनेहरूको रोजाइको रेष्टुरेन्ट क्वालिटी फुड क्याफे बनेको छ । यहाँ चाइनिज, इण्डियन तथा कन्टिनेन्टल खाजा तथा खाना पाइन्छ ।

विशेषतः नेपालीहरूले मन पराउने सुप, बर्गर, मम, सिजलर, पिज्जा, कटलेट, स्प्रिङ रोल, स्याण्डवीच, स्पेशल स्न्याक्स, नान नै बढी चल्ने गरेको प्रबन्ध संचालक







दुर्गानारायण श्रेष्ठले जानकारी दिए । अर्का संचालक राजेश श्रेष्ठले १ किलोमिटर वरपर होम सर्भिस दिने कार्य पनि क्याफेले दिंदैआएको बताए । ३ हजारभन्दा माथिको खाना तथा खाजाको अर्डर आएमा काठमाडौंको जुनसुकै स्थानमा पनि होमप्याक सर्भिस दिने कार्य पनि हुँदैआएको पनि उनले जानकारी दिए ।

न्यूरोडमा क्वालिटी फुड क्याफे संचालन भएको यो वर्षबाट ११ वर्ष पूरा भएको छ । ग्राहकको चाहना तथा रोजाइ अनुसारको सर्भिस दिन सकेकोले क्वालिटी फुड क्याफे क्वालिटी बन्न सफल भएको उनीहरूको भनाइ छ । पारिवारिक वातावरण, होमप्याक सर्भिस र लन्च बक्स सर्भिस न्यूरोडको विशेषता नै भएको प्रबन्ध संचालकद्वय श्रेष्ठले बताएका छन् ।

**सम्पर्क**

**क्वालिटी फुड क्याफे**

न्यूरोड, काठमाडौं, फोन : ४२५८७७६/४२६०९३२


KathmanduCraze.com



Alina Karki

Photo: Kabindra Man Shakya
Assistant Photographer: Suman Badgami
Makeup: Ganga & Jamuna Shrestha
Location: Silauti Resort, Nakkhipot



# स्पेशल नेपाली मटन

**महेशराज ढकाल**
**चिफ सेफ एक्ज्यूकिटिभ, होटल सांग्रिला**

नेपालीहरूको महान् चाड दसैंको प्रमुख आकर्षक खानेकुरा भनेको मासु नै हो । त्यसमा पनि खसीको मासु (मटन) प्रायः सबै जातजातिका मानिसले मन पराउने गर्छन् । खसीको मासु पकाउने तरिका नेपालीहरूको मौलिक किसिमको छ । त्यो मौलिकतामा अलिकति आधुनिकता थपेर मैले यसपालि तपाईहरु समक्ष प्रस्तुत गरेको छु ।

## आवश्यक सामग्री

खसीको काँचो मासु- एक किलो
प्याज- २ पिस
तेजपत्ता- ४/५ पिस
ल्वाङ- ५ पिस
दालचिनी- १ पिस
सुकमेल- ५ पिस
धनियाँको धुलो- १० ग्राम
जिराको धुलो- १५ ग्राम
गरम मसला- १५ ग्राम
बेसार- ७ ग्राम
खुर्सानीको धुलो- ७ ग्राम
अदुवा र लसुन पिसेको- १५ ग्राम
तेल- ३० एमएल
ताजा धनियाँको पात- १० ग्राम
हरियो खुर्सानी- ५ पिस
नुन- स्वाद अनुसार

### म्यारिनेसन (मोलमाल)का लागि

दही- ३० एमएल
धनियाँको धुलो- ७ ग्राम
जिराको धुलो- ५ ग्राम
बेसार- ५ ग्राम
खुर्सानीको धुलो- ५ ग्राम

## बनाउने तरिका

- एउटा बाउल लिनुस् । त्यसमा काटेको खसीको मासु, जिरा, दही, धनियाँ, बेसार, खुर्सानीको धुलो राखी राम्रोसँग मिलाउनुस् र रातभरि फ्रिजमा राख्नुस् ।



- आगोमा प्रेसरकुकर बसाल्नुस् । त्यसमा तेल तातेपछि दालचिनी, ल्वाङ, तेजपत्ता, मरिचलाई फुराउनुस् । त्यसपछि जुलियन काटेको प्याजलाई रातो नहुन्जेलसम्म भुट्नुस् ।
- त्यसपछि पिसेको लसुन र अदुवा राख्नुस् । त्यसलाई पनि भुट्नुस् । त्यसपछि बाँकी सबै मसला राखी एकछिन् चलाउनुस् ।
- अब पहिला नै मोलेर राखेको मासु राख्नुस् । सबै पिसमा मसला लाग्ने गरेर राम्रोसँग चलाउनुस् । त्यसपछि प्रेसरकुकरको बिर्को बन्द गरी २०/२५ मिनेटसम्म पकापउनुस् । यति समयमा मासु राम्रोसँग गल्छ र सजिलैसँग हाडबाट निकाल्न सकिन्छ । यदि तपाईंले प्रेसरकुकरको सट्टा कसौंडी जस्ता भाँडो प्रयोग गर्नुहुन्छ भने एकघन्टा जति पकाउनु पर्छ ।
- अब दसैंका लागि नेपाली पाराको स्पेसल खसीको मासु तयार भयो । मासुलाई चिउरासँग खाने नेपाली परम्परा छ । यस किसिमले पकाएको मासु अन्य परिकारसँग पनि खान सकिन्छ ।

# टिम्मुर हालेको तोफु



दसैंमा मासुको खपत बढी हुने भए पनि क्रमिक रुपमा खानपिन तथा स्वास्थ्यको दृष्टिकोणले चाडपर्वमा पनि मासुजन्य पदार्थलाई कम गर्दै लगेको पाइन्छ । कतिपय त मासुको परिकार देखेर वाक्क दिक्क बनेर शाकाहारी बनेर स्वस्थ बन्न थालेको पनि पाइन्छ । मांसाहारी बन्नुभन्दा शाकाहारी बन्नु राम्रो हो । मांसाहारीको तुलनामा शाकाहारी मानिस लामो समय बाँच्ने र उनीहरुमा मांसाहारीमा जस्तो रोग नलाग्ने अनुसन्धानबाटै पुष्टि भइसकेको छ । यसैले गर्दा शाकाहारी पाठकहरुलाई ध्यानमा राखेर दसैं-तिहार पर्वको लागि लाभदायक टिम्मुर हालेको पिरो तर मीठो तोफुको परिकार बनाउने तरिका यो अंकमा म तपाईंहरुलाई सिकाउँदै छु ।

## आवश्यक सामग्री

तोफु- ४०० ग्राम
प्याज जुलियन कट- १ पिस
हरियो प्याज- सिङ्गै १ पिस
लसुन मिलेको- ३ पिस
हाफ काटेको हरियो खुर्सानी- ३ पिस
काटेको गोलभेडा- पिस
खुर्सानीको धुलो- ५ ग्राम
जिराको धुलो- ५ ग्राम
बेसार - ३ ग्राम
गोलभेडाको सस- ३० एमएल
टिम्मुरको धुलो- ५ ग्राम
सोया सस- १० एमएल
तेल- ५० एमएल
नुन- स्वाद अनुसार ।

## बनाउने तरिका

- तोफुलाई पेपर टावेलमा राखेर हल्का निचोरेर सुख्खा बनाउनुस् ।
- तोफुलाई आयातकार आकारमा वा स-सानो आकारमा काट्नुस् ।
- चुलो बालेर एउटा ननस्टिक प्यानमा १५ एमएल तेल हालेर तताउनुस् ।
- तेल तातिसकेपछि राम्रो आकारमा काटिएका तोफुलाई फ्राइ गर्नुस् ।
- हल्का कलर आउने गरेर फ्राई गरेपछि सोया सस हालेर टिम्मुर, लसुन, प्याज, हरियो खुर्सानी राखेर २-३ मिनेट पकाउने ।
- त्यसपछि काटेको गोलभेडा, बेसार, खुर्सानीको धुलो, जिराको धुलो, स्वाद अनुसारको नुन राखेर चलाउनुस् ।
- २ मिनेटजति पकाएछि टिम्मुर हालेको पिरो तोफु तयार भयो ।
- अब मज्जाले सर्भ गरेर खान र खुवाउन सक्नु हुन्छ ।






# रोजाइमा विलासी कार




नेपालमा नपत्याउँदो रूपमा महंगा सवारी साधनप्रति उपभोक्ताहरूको आकर्षण रहेको बृहत् नाडा अटो मेलाबाट पुष्टि भएको छ । दसैं तथा तिहारलाई लक्षित गरेर काठमाडौंको भृकुटीमण्डपमा आयोजित एक हप्ते बृहत् नाडा अटो मेलामा करिब ५ अर्ब रूपैयाँ बराबरको सवारी साधन बुकिङ भएको आयोजक नेपाल अटोमोवाइल डिलर एशोसियसनले दाबी गरेको छ । असोज ४ गते सम्पन्न उक्त मेलाको आयोजक एशोसियसनको यो दाबीले नेपालीहरूको महंगा सवारी साधनप्रतिको आकर्षणमा निकै वृद्धि भएको प्रमाणित गरेको छ ।

अटो मेलामा दुई पांग्रे, चार पांग्रे र कमर्शियल भेहिकल प्रदर्शनीमा राखिएको भए पनि सबैभन्दा बढी मोटरसाइकल तथा स्कुटर बुकिङ भएको मेला संयोजक तथा सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत शम्भुप्रसाद दाहालले बताए । दाहालले मोटरसाइकल तथा स्कुटर २ हजार, कार तथा जीप ६ सय र कमर्शियल गाडी ५० थान बुकिङ भएको जानकारी दिए ।

अटो मेलामा सबैभन्दा बढी आकर्षण हुन्डाई गाडी भएको छ । हुन्डाई गाडी ४ सयभन्दा बढी बुकिङ भएको लक्ष्मी हुन्डाईका कार्यकारी निर्देशक तथा आयोजक नेपाल अटोमोबाइल डिलर एशोसियसनका अध्यक्ष अञ्जन श्रेष्ठले बताए । यो संख्या कुल बुकिङ संख्याको दुई तिहाई मानिएको छ । हुन्डाईले हालैमात्र भित्र्याएको एसयुभी क्रेटा कारमा सबैभन्दा बढी आकर्षण देखिएको दाबी सेल्स म्यानेजर दीपेशमान शाक्यको रहेको छ ।

उक्त मेलामा टाटाका १ सय ६२ वटा कार बुकिङ भएको सेल्स तथा मार्केटिङ म्यानेजर अर्जुन कार्कीले हट नेपालसँगको कुराकानीमा बताए । यसमध्ये ५० प्रतिशत टाटा बोल्ट बुकिङ भएको थियो । ६ दिनसम्म चलेको मेलामा ६० हजारभन्दा बढीले अवलोकन गरेको आयोजक नेपाल अटोमोबाइल डिलर्स एशोसियसन (नाडा)ले जनाएको छ ।

मेलामा विभिन्न ६५ कम्पनीका १ सय २० स्टल रहेका थिए । १४ ब्रान्डका चारपांग्रे, १५ ब्रान्डका दुई पांग्रे र ५ ब्रान्डका कमर्शियल गाडी प्रर्दशनीमा राखिएका थिए । मेलामा डाटसुन, दाइहात्सु, फियट, फोर्ड, हुन्डाई, किया, निशान, स्कोडा, सुजुकी कार, टाटा, टोयोटा, फक्सवागन, अशोक ले ल्यान्ड, स्कोर्टस, अप्रिलिया, एमभी अगष्टा, बजाज, बेनिली, हिरो, हिरो इलेक्ट्रिक, होन्डा बाइक, होन्डा कार, केटीएम, महिन्द्रा, रोयल इन्फिल्ड, सुजुकी बाइक, टिभीएस, भेष्पा र यामाहा ब्रान्ड प्रर्दशनीमा राखिएका थिए ।

यो वर्षको अटो मेलाले इतिहास रच्न सफल भएको गोल्छा अर्गनाइजेसन अटोमोबाइल प्रालिका सेल्स म्यानेजर राजेश मलिकको भनाइ छ । मलिकले नाडा अटो शो ब्रान्ड बनिसकेको उल्लेख गर्दै अटो प्रवर्द्धनमा यसले धेरै नै मद्दत गरेको बताए । लाइफ अटोमोबाइलका सेल्स अफिसर साविका श्रेष्ठका अनुसार मेलाप्रति उपभोक्ताहरूको बढ्दो उत्साहजनक सहभागिताले अटोमोवाइल डिलरहरूलाई थप हौसला मिलेको छ ।

हुन्डाईको एसयुभी क्रेटा सबैभन्दा बढी बुकिङ हुने कारमा परेको छ । त्यस्तै, होन्डाको ह्याजब्याक ज्याज र सेडान सिभिक कारले पनि ग्राहकको विश्वास जित्न सफल



# पारस फियाटको ब्राण्ड एम्बेसडर

नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान पारस खड्का इटालियन गाडी फियाटको ब्राण्ड एम्बेसडरमा नियुक्त भएका छन् । नाडा अटो शोमा खड्कालाई दुई वर्षको लागि ब्राण्ड एम्बेसडर घोषणा गरिएको हो ।

फियाट गाडीको लागि नेपालको आधिकारिक विक्रेता लाइफ अटो मोबाइलद्वारा कप्तान पारस खड्कालाई फियाटको ब्राण्ड एम्बेसडर घोषणसँगै एभेन्चुराको साँचो हस्तान्तरण गरिएको थियो । सवारीको उत्कृष्ट अनुभव दिलाउने एभेन्चुरा कन्टेमपोररी अर्वन भेहिकल (सियुभी) हो ।

यसको एडभेन्चर्स विशेषताहरूमा २०५ मिमि ग्राउण्ड क्लियरेन्स, २०५ मिमिको फ्ल्याट टायर्स, स्किड प्लेट, अन्डरबडी प्लेट, इनक्लिनो मिटर कम्पासजस्ता विशेषताहरु रहेका छन् ।




भए । मेलामा होन्डाका ३५ वटा कार बुकिङ भएका छन् । जसमध्ये ज्याजको संख्या १५ र सिभिकको संख्या ३ रहेको स्याकार ट्रेडिङका सेल्स म्यानेजर शरद ढुंगेलले बताए । टाटा बोल्ट, साङयोङ टिभोली, निशान माइक्रा र एक्स-ट्रेल, टायोटा इटिओस क्रस, सुजुकी एस क्रस, फक्सवागन सिरिक्को, बिटल र टोरेग लगायतका मोडल पनि ग्राहकको रोजाइमा परेका देखियो । यस पटकको मेलामा ३ र ४ वटा नयाँ ब्रान्डका मोटरसाइकल तथा स्कुटर थपिए । एमभी अगष्टा, बेनिली, भेष्पा पहिलो पटक मेलामा राखिएका हुन् । तीनवटै प्रिमियम ब्रान्ड हुन् । यी बाइक तथा स्कुटरमा पनि ग्राहकको बढी भीड देखिएको थियो ।

### मेलामा मोडल

नाडा अटो मेलामा नेपाली आकर्षक मोडलहरूले राम्रो रोजगारी पाएका थिए । प्रतिदिन ती मोडलहरूले एक हजारदेखि पाँच हजारसम्म पाउने गरेको देखियो । प्रत्येक सवारी साधनमा एक मोडल राखिने परम्परा नाडा अटो मेलामा देखियो ।

मेलामा प्रवेश गर्नासाथ अवलोकनकर्तालाई उत्पादनको बारेमा जानकारी दिने कार्य मोडलहरूबाट भएको छ । उनीहरूलाई सहयोग गर्ने कार्य सम्बन्धित अटोमोबाइल डिलर्सका सेल्स म्यानेजरहरूले गर्ने गरेको पाइयो । टाटा कम्पनीको स्टलमा देखिएकी मोडल जस्मिन महर्जनले स्टलमा काम गरेवापत प्रतिदिन दुई हजार पाउने गरेको बताइन् । नाम र दाम दुवै यस्ता मेलाबाट पाइने भएकोले विगत एक वर्षदेखि यसप्रकारको मोडलिङमा लागेको महर्जनले बताइन् ।

टीभीएस कम्पनीको स्कुटरमा मन्द मुस्कान छर्दै बसेकी मोडल सिर्जना राईले एक दिनको ३ हजार पारिश्रमिक पाउने गरेको बताएकी छन् । तीन वर्षदेखि यसप्रकारको मोडलिङमा सहभागी हुँदै आएको र विगतका दुई नाडा अटो मेलामा पनि काम गरिसकेको अनुभव पनि मोडल राईले सुनाएकी छन् ।

टाटाकै शोरूममा देखिएकी मोडल अस्मिता भण्डारीले प्रतिदिन दुई हजार पाउने गरेको जानकारी दिइन् । एउटै स्टलमा कार्यरत हुने मोडलहरूको पनि पारिश्रमिकको दररेटमा फरक हुन नहुने भए पनि भइरहेको तीतो सत्य पोख्ने कार्य मोडल भण्डारीबाट भएको छ । मोडलहरूलाई अटो मेलामा पुऱ्याउने विचौलिया मोडल एजेन्सी कम्पनीका कारणले यसप्रकारको पारिश्रमिक दररेटमा फरक हुन जाने भण्डारीको ठहर छ ।

युएम बाइकको शोरूममा देखिएकी मोडल लहिमा राज्यलक्ष्मी राणाले आफू पहिलोपल्ट सहभागी बनेकोले दैनिक १ हजार ५ सय मात्र पारिश्रमिक पाएको बताएकी छन् । प्रदर्शनीमा राखिएका उत्पादनका बारेमा पहिला नै मोडलहरूलाई तालिम दिएर मात्र मेलामा खटाइने भएकोले कर्मचारीभन्दा मोडल उपलब्धिपूर्ण रहेको सम्बन्धित अटोमोबाइल डिलरहरूको भनाइ छ ।

ग्ल्यामर विजनेस भएकोले यस्ता अटो मेलाहरूमा नेपाली मोडलहरूको अलावा केही कम्पनीहरूले विदेशी मोडलहरूलाई पनि निम्त्याइने गरेको छ । विदेशीको तुलनामा नेपाली मोडल नै सहज र सस्तो हुने भएकोले नेपाली मोडलहरूलाई नै प्रयोग गर्ने कम्पनीहरु हानथाप नै गर्ने गरेको दि रेम्प मोडलिङ एजेन्सीकी सीइओ जयन सुब्बाले बताएकी छन् ।



# साइक्लिस्टको शहर धरान

नेपालमा केही वर्षअघिसम्म साइकल गरिबको सवारीसाधनका रूपमा चिनिन्थ्यो । जसरी महाभूकम्पपछि ठूला र अग्ला घर हुनेको भन्दा साना घर हुने सुरक्षित र इज्जतदार ठानिए, त्यसै गरी भारतले अघोषित नाकाबन्दी गरेर पेट्रोलियम पदार्थ आउन नपाएपछि साइकल चढ्नेहरूको इज्जत एकाएक बढेको छ । त्यसो त केही समयअघिदेखि नै नेपालमा साइकल चढ्नेहरूको प्रतिष्ठा बढ्दै गएको थियो । साइकल पैसा नहुनेले चढ्ने साधन जस्तो भएकोमा सभ्य र सुसंस्कृत मानिसले चढ्ने साधनमा रूपान्तरिक हुँदै आएको छ ।

केही वर्षअघिसम्म गाउँ होस् या शहरमा साइकल चढ्नेहरूको सम्मानको आशा राख्नु मूर्खताजस्तो हुन्थ्यो । सर्वसाधरणदेखि धनाढ्यसम्मले साइकललाई हेयको दृष्टिले हेर्ने गर्दथे । तर दिनप्रतिदिन सोचाइमा परिवर्तन आएको छ । अहिले साइकल चढ्नेले सम्मान त पाएकै छन्, सँगै सोख र फेसनको माध्यम पनि बनेको छ । अर्कोतिर वातावरण संरक्षणको हिसाबले उपयुक्त साधनको रूपमा यसलाई लिन थालेको पाइन्छ । स्वस्थ रहनका लागि पनि साइकल सयर निकै राम्रो मानिन्छ । यस्तै सकारात्मक पक्षका कारण आजकल युवाहरूको पहिलो रोजाइ साइलक बनेको छ । साइकल चढ्नेहरूको इज्जत हुँदैन भन्ने सोच फेरिन थालेको छ । त्यसैले साइकल संस्कृति अझ फराकिलो बन्दै जान थालेको छ ।

अन्य शहरमा भन्दा धरानमा साइकलप्रति युवाहरु बढी नै आकर्षित भइरहेका छन् । धराने युवाहरु साइक्लिङ गर्दै स्वास्थ्य र वातावरणप्रति चेतना फैलाउँदै धरानदेखि बाहिरसम्म पुग्छन् । यहाँ जंगल सफारी, माउण्टेन्ट हिलजस्ता स्थलमा धराने युवाहरु साइकलमा रमाउँछन् । धरानलाई क्लिन सिटी, ग्रीन सिटी र साइकल सिटी बनाउन उनीहरु लागिपरेका छन् । त्यसैले अहिले धरानलाई 'साइक्लिस्टको शहर' पनि भन्न थालिएको छ । यहाँ धेरै युवा पुस्तादेखि बूढासम्मले साइकल चलाउँछन् । सानो छँदा भाडाको साइलक लिएर घुम्ने धरानका युवा कृष्ण केसी अहिले आफ्नै माउण्टेन्ट बाइक सप खोलेर बसेका छन् । उनी साइकल विक्री मात्र गर्दैनन्, साथीहरूसँग साइलक लिएर धरानलाई क्लिन सिटी र ग्रीन सिटीको अवधारणा लिएर चेतना फैलाउँदै घुम्न निस्कन्छन् । उनी साइकलमै हिंड्न थालेको लगभग ७ वर्ष भयो ।

धरा- ९ स्थित पुतलीलाइनमा रहेको टस्क माउण्टेन बाइक सपका सन्चालक केसी भन्छन- 'स्वस्थ रहन शरीर फिट राख्न साइकल चलाउन अति उपयुक्त साधन हो ।' उनी अघि थप्छन्- वत्यसैले गर्भका साथ भन्छु साइकल चढौं वातावरणलाई जोगाउँ ।' उनको टस्क माउण्टेन्ट बाइक सपमा २५ हजारदेखि १ लाख ३५ हजार मूल्य पर्ने साइकलहरु विक्रीमा राखिएका छन् । उनको सपमा जायन्ट, ट्रेक र हनी हन्टर गरी तीन किसिमका साइकल विक्रीमा राखिएका छन् । साथै पार्टपुर्जाहरु पनि राखेका छन् ।

उनकै पाइला पछ्याउँदै साइकल चलाउने बुढासुब्बा डेन्टल केयर धरानका एमडी बन्दन राईले साइकल चढेको एक महिना मात्र भयो । ७८ केजी तौल रहेका उनी दिनहुँ साइकल





चढ्न थालेपछि अहिले घटेर ७४ केजी पुगेको बताउँछन् । उनी भन्छन्– 'साइकल नियमित चलाउनु स्वास्थ्यको लागि राम्रो रहेछ, डिउटी सकिनासाथ साइकल लिएर साथीहरूसँग निस्कन्छु ।'

त्यस्तैगरी धरान-१० पुतलीलाइनका योरास राईले साइकल चलाएको २ महिनाको अनुभव छ । उनी भन्छन्- म मोटो छु, मोटोपना घटाउन साइकल चलाउँछु । स्वास्थ्यका लागि पनि साइकल निकै लाभदायी रहेछ । त्यस्तैगरी निजगढ, बारा घर भएका हाल धरानस्थित विपीप्रतिष्ठानमा आफन्तसँग बस्दै आएका २२ वर्षीय सुजन चौधरी अढाई वर्षदेखि नियमित साइकल चलाइरहेका छन् । उनी टक्स माउण्टेन बाइक सपमा काम गर्दै फुर्सदको समयमा बिहान-बेलुकी साथीहरूसँग साइकल लिएर निस्कन्छन् । साइकल चलाउनुअघि उनी मोटरसाइलक चढ्थे । अहिले मोटरसाइकल छाडेर साइकलमा सयर गर्छन् । उनी भन्छन्- युट्युबमा साइकल चलाएको भिडियो देखेर म यसप्रति आकर्षित भएँ । उनी अघि थप्छन्- 'स्वास्थ्यका लागि पनि साइकल अति लाभदायी हुने रहेछ । उनी धरानका राम्रा पर्यटक गाइड पनि हुन् । साइकलमा घुम्न आउनेलाई गाइड पनि गर्छन् । दिनको एक पटक घुमेको ५ सयसम्म लिने गरेको उनी बताउँछन् । पूर्वमा पहिलो पटक हुन लागेको सातौं राष्ट्रिय खेलकुद अन्तर्गत नेपाल साइक्लिङ टुर्नामेन्टमा पनि भाग लिंदै छन् । एउटा पांग्राले साइकल चलाउने, दुवै चक्का पालैपालो उठाउने आदि चलाउन उनी सिपालु छन् ।

■ **सोहन श्रेष्ठ**


**नेपालीहरूको महान पर्व विजयादशमी तथा दीपावली-२०७२ को शुभ अवसरमा हार्दिक मंगलमय शुभकामना ।**

**हालै बजारमा आएको तिर्सना एल्बम सुनिदिन संगीतप्रेमीमा हार्दिक अनुरोध गर्दछु ।**




– डी.पी. 'परिश्रमी'





# साना आँखाको मेकअप

• रमिता श्रेष्ठ
ब्युटी एक्सपर्ट

**आँखालाई सुन्दरताको प्रतीक मानिन्छ । ठूला–ठूला गाजलु आँखाको निकै वर्णन हुने गरेको छ । आँखाको भाकाले नै सबै कुरा हुने भएकोले धर्मग्रन्थहरूमा आँखाको निकै सुन्दर ढंगबाट बयान गर्ने गरेको पाइन्छ । त्यसमाथि, संसार हेर्ने आँखाको सुन्दरताले मानिसलाई अझ सुन्दर बनाउने गर्दछ । ठूला आँखा हुनेहरूको सुन्दरता त्यसै पनि झल्किने गर्दछ । साना आँखा हुनेहरूलाई भने सुन्दरतामा अलि मर्का पर्ने गरेको पाइन्छ । दसैं तथा तिहारजस्ता पर्वहरूमा राम्री बन्न चाहनेहरु साना आँखा भएर हैरान बन्ने गरेको पाइन्छ । साना आँखा भएकाहरूले पनि राम्रो मेकअप गर्न जानेमा ठूला आँखा हुनेहरूको हाराहारीमा राम्री बन्न र बनाउन सकिन्छ । साना आँखालाई ठूलो र सुन्दर बनाउने काइदा निम्नानुसार रहेको छ ः**





### प्राइमर र फाउण्डेसनबाट बेस दिने

यो साना आँखा हुनेहरूको आँखा सुन्दर बनाउने सबैभन्दा पहिलो चरण हो । मस्करा, लाइनर वा स्याडो लगाउनुभन्दा पहिला प्राइमर फाउण्डेसनको बेस लगाउनु पर्दछ । यसको प्रयोगबाट आँखाको डार्क सर्कल र दाग आदि लुकाउने कार्य गर्छ । यसपछि मात्र बाँकी मेकअपको प्रयोग गर्नुपर्छ ।

### मस्कराले बनाउँछ सुन्दर आँखा

सानो आँखालाई ठूलो बनाउन मस्कराको प्रयोग गर्न अत्यन्त जरूरी छ । यसको प्रयोगले आँखालाई ठूलो बनाउँछ । साथै आँखालाई आकर्षक र सुन्दर लुक दिने कार्य गर्छ । मस्करा आँखाको माथिल्लो भागमा लगाउनुको अलावा आँखामुनिको भागमा पनि लगाउन सकिन्छ । यसरी प्रयोग गरेपछि आँखाको भाग ठूलो हुने र परेला पनि लामो देखिने गर्दछ । यदि मनपर्छ भने परेलालाई घुमाएर पनि मस्करा लगाउन सकिन्छ ।

### आइलाइनरबाट पर्फेक्ट लुक

आइलाइनरको प्रयोगबाट सानो आँखालाई पनि ठूलो बनाउन सकिन्छ । आइलाइनर लगाउँदा एकदम ध्यान पुऱ्याउनु आवश्यक छ । आइलाइनर लगाउँदा आँखाको अलि बाहिरसम्म तान्न सकिन्छ । यसले अझ आँखा ठूलो बनाउँछ । सानो आँखा भएकाहरूले हल्का र सेतो रंगको लाइनर प्रयोग गर्नुपर्दछ । यदि डार्क रंगको लाइनर प्रयोग गर्न चाहनुहुन्छ भने ड्रेससँग म्याचिङ गर्नु आवश्यक छ । आइलाइनर र मस्कराले आँखा अझ परफेक्ट बनाउने गर्दछ ।

### आइस्याडोमा ध्यान दिने

आइस्याडो आँखाको माथिल्लो भागमा लगाउनु पर्छ । यसले अझ आँखा ठूलो र आकर्षक बनाउने गर्दछ । आइलोडको बाहिर किनारामा हल्का रंगको पाउडर आइस्याडो लगाउने । आँखाको साइडमा हल्का डार्क कलरको कट गर्ने । अझ आँखालाई ठूलो देखाउन सिमर आइस्याडोको प्रयोग गर्नुपर्छ । कुनै कुनै कलर सधैं राम्रो देखिन्छ । जस्तो ब्ल्याक, ग्रे वा पर्पल आदि प्रयोग गर्न सकिन्छ । यदि तपाईं विद्यार्थी हुनुहुन्छ भने पिंक, ब्राउन वा मरून कलरहरु प्रयोग गर्दा अझ राम्रो हुन्छ ।

### सिमरको प्रयोग

सानो आँखाका लागि सिमरको प्रयोगले राम्रो देखिन्छ । यो एकप्रकारको चम्किलो ट्राइपाउर हो । यसले आँखामा अझ स्पार्क इफेक्ट देखाउने गर्दछ । यसको प्रयोग गर्दा विशेष ध्यान दिनु आवश्यक छ । यसको प्रयोग जहिले पनि आई ब्रोजको मुनि मात्र राम्रो देखिन्छ । यसलाई आई बलको बीचमा हल्का ब्लेन्ड गर्दा आँखा राम्रो देखिन्छ ।







# मोद्दास र मोडलिङ

Like: 267
Comment: 54
Post reach: 6,675

**मोडलिङबाहेक नृत्यमा पनि हुसैनको रुचि छ । आफूलाई उत्कृष्ट बाइक चालकका रुपमा चिनाउन चाहने उनी विभिन्न खेल खेल्न पनि मन पराउँछन् । यस्तै साहसी खेल जस्तै प्याराग्लाइडिङ, बन्जी जम्पिङ, ऱ्याफ्टिङ आदिमा रमाउनु जीवनकै अनुपम क्षण भएको उनी बताउँछन् ।**

बलिउड कलाकार अतिफ अस्लमबाट प्रभावित सद्दाम मोहमद मियाँ फेसबुकमा साथीभाइबीच मोद्दास हुसैनको रूपमा चिनिन्छन् । उनको रूचि अभिनय र मोडलिङमा छ । उनी भविष्यमा सुपर स्टार बन्न चाहन्छन् । हाल कालोपुलस्थित जेभियर इन्टरनेशनल कलेजमा माइक्रो बाइलोजी विषयमा ब्याचलर अध्ययनरत उनी मोडलिङमै भविष्य बनाउने सोचमा लागेका छन् । पढाइको विषय जे भए पनि आफ्नो रूचिको क्षेत्रमा लागेमा सफल हुन सकिने उनको विश्वास छ । स्याङ्जा घर भएका हुसैन अहिले आफ्नो गृहजिल्लामै मोडलिङको अभ्यास गरिरहेका छन् ।

अहिले नाम चलेका कलाकारहरु पनि कलाकारिताबाटै जीवननिर्वाह गर्न सक्ने अवस्थामा नरहेको उनले बुझेका छन् । उदाहरणका रूपमा उनी पल्पसा डंगोल 'चम्सुरी'लाई लिन चाहन्छन् । चम्सुरी चर्चित हास्य अभिनेत्री भए पनि टेलिसिरियल र फिल्ममा अभिनय गरेर उनको जीवन निर्वाह नहुने भएकोले मेरिडियन इन्टरनेशनल स्कुलमा डान्स शिक्षिका छिन् । अहिलेको अवस्था यो भए पनि केही वर्षपछि यसमा सुधार हुने र नयाँ पुस्ताले आफ्नो रूचिकै क्षेत्रमा लागेर पनि जीवननिर्वाह गर्न सक्ने किसिमको कमाइ गर्न सकिने उनको विश्वास छ ।

मोडलिङबाहेक नृत्यमा पनि हुसैनको रूचि छ । आफूलाई उत्कृष्ट बाइक चालकका रूपमा चिनाउन चाहने उनी विभिन्न खेल खेल्न पनि मन पराउँछन् । यस्तै साहसी खेल जस्तै प्याराग्लाइडिङ, बन्जीजम्पिङ, ऱ्याफ्टिङ आदिमा रमाउनु जीवनकै अनुपम क्षण भएको उनी बताउँछन् ।

हट नेपालको प्रतिभा स्तम्भमा विजेता बन्न पाएकोमा अफूमा खुसीको सीमा नभएको उनी बताउँछन् । विजेता बन्नेमा विश्वस्त नभए पनि आफूले हट नेपालको नियमभित्र रहेर खेलेको र साथीहरूले साथ दिएकाले सफलता पाएको उनको बुझाइ छ । हट नेपालले सुरु गरेको यो प्रयासले नयाँ प्रतिभाको प्रतिभा प्रस्फुटनमा निकै सहयोग पुऱ्याइरहेको र भविष्यमा यसै मार्फत ठूला कलाकारको प्रादुर्भाव हुनसक्नेमा उनी विश्वस्त छन् ।

Bagaicha
Restro & Bar
Jawalakhel, Lalitpur, Nepal, Tel: 01-5548148
Email: newsbagaicha@yahoo.com

हट नेपाल मासिकले कला क्षेत्र (अभिनय, मोडलिङ, संगीत)मा आउन चाहनेहरूका लागि सहजकर्ताको काम गर्नेछ । हाम्रो फेसबुक पेज www.facebook.com/hotnepalmagazine को इनबक्सभित्र आफ्नो फोटो र विवरण पठाउनुहोस् । त्यसलाई हामी फेसबुक पेजमा पोष्ट गरिदिन्छौं । एक महिनाको अवधिमा बढी लाइक पाउने एक जनाको अन्तरवार्ता हट नेपालमा प्रकाशित गरिनेछ । विजेताले जावलाखेलस्थित बगैंचा रेष्ट्रो एन्ड बारमा दुई जनाका लागि लञ्च वा डिनरको सुविधा प्राप्त गर्नेछन् । त्यसैले आफ्नो विवरण, फोटो र इमेल तथा सम्पर्क ठेगाना पठाउनुहोस् । तपाईंको रूचिलाई हामी सार्थक बनाइदिने छौं । – सम्पादक

# उपयोगी TrueCaller



● सन्तोष देवकोटा

**अञ्जान नम्बर प्रयोग गरी तपाईंलाई निरन्तर कल गरेर दुःख दिइरहेको हुनसक्छ, त्यस्ता नम्बरहरूलाई पहिचान गरेर ब्लक गर्न सजिलो त हुन्छ नै साथै त्यही समय अर्को अञ्जान तर महत्वपूर्ण हुनसक्ने सम्पर्कलाई त्यसको प्राथमिकता पहिचान गरेर फोन रिसिभ गर्ने/नगर्नेबारे निर्णय लिन सजिलो हुन्छ । त्यसैले TrueCaller को प्रयोगबाट हामी धेरै अप्ठेरोहरूबाट सुरक्षित रहन सक्छौं ।**




कुनै समय थियो जुनबेला कन्ट्रिकोड, एरियाकोड, व्यक्ति अथवा संस्थाको नामका छुट्टाछुट्टै कोलम भएका विभिन्न टेलिफोन डायरी बजारमा पाइन्थ्यो । ती कन्ट्रिकोडकै कारण त्यस्ता डायरी रूचाइने गर्थ्यो । अहिले पनि स्टेसनरी पसलमा त्यस्ता डायरी उपलब्ध देखिन्छ तर प्रयोग एकदम्मै सीमित हुँदै गएको छ । खुल्ला बजारमा त्यस्ता फोन डायरीहरूको बजार शून्यप्रायः भइसकेको छ ।

एक त मोबाइल फोनको विकास र यसको दिनानुदिन बढ्दो लोकप्रियता अनि यसले दिनहुँजसो गर्दै गरेको अनेक सिर्जनात्मक विकास अनि प्राविधिक क्रान्तिहरूका कारण अब मोबाइल फोन फोन मात्र रहेन र हिजोको अत्यन्त प्रिय र अत्यावश्यक टेलिफोन डायरी त झन् अब अनावश्यक भइसकेको छ ।

मोबाइल प्रविधिमा दिनानुदिन भइरहेको विविध अपडेट तथा अनेक रचनात्मक स्मार्ट एप्लिकेसनहरूको विकासक्रममा iOS, Android तथा Windows Phone संस्करणका स्मार्ट फोनहरूमा यतिबेला अत्यधिक लोकप्रिय भइरहेको सम्पर्क स्रोत सम्बन्धी एप्लिकेसन TrueCaller हो । यो एप्लिकेसनले सम्पर्क नम्बर खोजीमा सहजता ल्याएको छ भने व्यक्तिगत जानकारी विषयमा संवेदनशील पनि बनाएको छ ।

एउटा Globe Directory स्थापना गर्ने सोचले बनेको TrueCaller आज विश्वकै हरेक सम्पर्क नम्बरहरु सम्बन्धी जानकारी सहितको एक्लो स्रोत बन्ने क्रममा अघि बढेको छ । सन् २००९ मा स्वीडेनको स्टकहोममा स्थापना भएको True Software Scandinavia AB (TrueCaller) ले अहिलेसम्म विश्वभर एन्ड्रोइडमा मात्र ५ करोडभन्दा बढी प्रयोगकर्ता प्राप्त गरिसकेको छ भने झण्डै २ अर्ब सम्पर्क नम्बरको संग्रह भएको दाबी समेत गरेको छ ।

TrueCaller लाई तपाईंको फोनबुकको परिभाषा परिवर्तक भन्न सकिन्छ । यदि तपाई कसैको मोबाइल अथवा टेलिफोन नम्बर नभेटिएर अथवा अपरिचित नम्बर लगातार आएर दिक्क हुनुभएको छ भने TrueCaller तपाईंको पक्कै खोजी मित्र बन्न सक्छ । जसले तपाईंको स्मार्ट फोन अथवा गुगल कन्ट्याक्टमा रहेको कन्ट्याक्ट









लिस्ट बाहिरका व्यक्ति, संस्था अथवा निश्चित कम्पनीको सम्पर्क नम्बर खोज्न सहयोग गर्छ । साथै तपाईंको कन्ट्याक्टमा नभएका अज्ञान कलर को हो, उसको नामसमेत जानकारी उपलब्ध गराउँछ र तपाईंलाई अनावश्यक बनिरहेका कल तथा कलरलाई ब्लक गर्नसमेत मद्दत गर्दछ । यसको अर्को आकर्षण भनेको तपाई समय तथा स्थानको अधारमा व्यक्तिगत सम्पर्क सुझाव समेत एप्लिकेसनमा थप्दै जान सक्नुहुन्छ ।

यो एप्लिकेसनको प्रयोगबाट हामी धेरै अप्ठेरोहरूबाट सुरक्षित रहन सक्छौं । यदि तपाई कुनै अनावश्यक कलर अथवा कलबाट चिन्तित हुनुहुन्छ, त्यस फोनलाई बेवास्ता गर्न चाहनुहुन्छ तर सम्बन्धित व्यक्ति अन्य अज्ञान नम्बर प्रयोग गरी तपाईंलाई निरन्तर कल गरेर दुःख दिइरहेको हुनसक्छ, त्यस्ता नम्बरहरूलाई पहिचान गरेर ब्लक गर्न सजिलो त हुन्छ नै साथै त्यही समय अर्को अज्ञान तर महत्वपूर्ण हुनसक्ने सम्पर्कलाई त्यसको प्राथमिकता पहिचान गरेर फोन रिसिभ गर्ने/नगर्नेबारे निर्णय लिन सजिलो हुन्छ ।




नेपालमा विविध उपभोग्य वस्तु तथा सेवाको माग दिनानुदिन बढेसँगै यसको बजार व्यवस्थापनमा अनेक कल सेन्टरहरु समेत सक्रिय हुन थालेका छन् । तिनीहरूको अनावश्यक निरन्तरजसो आउन सक्ने कललाई तपाई स्पामको श्रेणीमा राख्न सक्नुहुन्छ अथवा त्यस्ता नम्बर जसलाई धेरै TrueCaller प्रयोगकर्ताले राखेको Community based Spam Category मा चेकपूर्व सचेत रहन सकिन्छ भने त्यस्ता कल अथवा कलरको विश्वसनीयतालाई ध्यानमा राखी अनावश्यक कलबाट हुनसक्ने महत्वपूर्ण समयको नोक्सानीबाट समेत बच्न सकिन्छ ।

विभिन्न खूबी हुँदाहुँदै पनि TrueCaller को व्यक्तिगत जानकारी स्क्यान गरी संग्रह गर्ने कार्य भने आलोचित बन्ने गरेको छ । यदि सचेत नभई यसको प्रयोग गर्ने हो भने यो तपाईंको लागि सम्पर्क गोपनीयताको विषयमा टाउको दुखाइ बन्न सक्छ । यदि तपाई TrueCaller को डाटावेसबाट आफ्नो सम्पर्क नम्बर हटाउन चाहनुहुन्छ भने आफ्नो फेसबुक अथवा गुगल अकाउण्टबाट Truecaller Website Login (www.truecaller.com/unlist) गरी आफ्नो नम्बर टाइप गर्नुहोस् र त्यसपछि आउने विकल्पहरूमध्ये कुनै पनि विकल्प रोज्नुहोस् र Unlist Button लाई थिचेर TrueCaller को डाटावेसबाट आफूलाई बाहिर राख्न सक्नुहुनेछ ।

# चिनियाँ परिवारका नेपाली ज्वाइँ

उनले चीनमा सुधार तथा खुलापनको सुरूआतदेखि नै चीनको आधुनिकीकरण र निर्माणको द्रूत विकासको अनुभव गर्दै आएका छन् । साथै उनले पैचिङ ओपेरा औधी मन पराउँछन् र चिनियाँ चलचित्र पनि हेर्न मन पराउँछन् । उनी चिनियाँ परिवारका नेपाली ज्वाइँ जीव गुरागाईं हुन् ।

सन् १९८३ मा छात्रवृत्ति पाएका गुरागाईले भविष्यप्रतिको आफ्नो सपना साँचेर हिमालय पार गरी एक्लै चीनमा उच्च शिक्षा तथा विश्वविद्यालयमा अध्ययन गर्न आएका थिए । त्यति बेला उनको उमेर १९ वर्ष मात्रै थियो । सन् १९८४ मा पैचिङ भाषा तथा संस्कृति विश्वविद्यालयमा एक वर्षसम्म चिनियाँ भाषा पढेर उनी नानचिङ विज्ञान तथा प्रविधि विश्वविद्यालयमा पढ्न थाले । असी दशकको सुरूआतमा चीन सुधार तथा खुलापनको थालनीमा थियो । त्यति बेलाको अनुभवको सम्झना गर्दै गुरागाईं भन्छन्- 'असीको दशकमा चीनमा आधारभूत प्रबन्ध त्यति राम्रो थिएन । आजकलको गगनचुम्बी भवनहरु देखिंदैनथे । त्यति बेला मैले सम्पर्क गरेका चिनियाँहरूको विचारमा विश्वमा दुइटा देश मात्र थिए- चीन तथा विदेश ।'

भूगर्भ अन्वेषण विषयमा विश्वविद्यालयबाट स्नातक उत्तीर्ण भएपछि गुरागाईंले राम्रोसँग सोचविचार गरेर चीनमा आफ्नो भविष्य सजाउने निर्णय गरे । सन् १९८९ मा विश्वमा ऊर्जा उद्योगको लागि उत्पादित वस्तु तथा सेवा प्रदान गर्ने सबैभन्दा ठूलो अन्तर्देशीय कम्पनी हालिबर्टन चिनियाँ बजारमा प्रवेश गऱ्यो । आफ्नो पढाइको विषयसँग मेल खाने यस कम्पनीमा काम गर्ने



मौका उनले पाए । यहाँ उनको सहकर्मी याङ म्याउसँग चिनजान भयो । हरेक दिनको काममा घनिष्ट सम्पर्कपछि उनीहरूबीच प्रेम बस्यो । याङ म्याउले आफू र जीवबीचको प्रेमकथा सुनाइन्- 'मैले मेरो श्रीमान्लाई पहिलो पटक भेट्दाखेरी नै राम्रोसँग चिनियाँ भाषा बोल्न आइसकेको थियो । मेरो आँखामा उहाँ पूराका पूरै विदेशी हुनुहुन्न । हाम्रो सम्बन्ध पाँच वर्षसम्म साथीको रूपमा रह्यो । एउटै कार्यालय अर्थात् एक अमेरिकी कम्पनीमा काम गर्दाखेरी हामीले अंग्रेजी भाषाको प्रयोग गर्दथ्यौं । त्यही भएर विवाह हुनुअघि मैले हामीबीचमा ठूलो सांस्कृतिक मतभेद नभएको महसुस गरेकी थिएँ ।'

यसरी नै उनीहरूबीचको भावना कम्पनीको वातावरणमा गहिरो बन्दै गयो । तर अंग्रेजी पढेकी याङ म्याउले अमेरिका गएर कानुन पढ्ने इच्छा व्यक्त गरिन् । चीनमा आफ्नो काममा केही उपलब्धि हासिल गरिसकेका जीवले पनि आफ्नी प्रेमिकासँगसँगै अमेरिका जाने अठोट गरे । आफू र याङ म्याउ फरक सांस्कृतिक पृष्ठभूमिबाट आए पनि नेपाली तथा चिनियाँ संस्कृतिबीच समानता रहेको जीवको भनाइ छ ।

यो जोडी अमेरिकामा एकले अर्कालाई सहयोग गर्दैगर्दा प्रेम पनि गाढा बन्दै गयो ।

सन् १९९६ मा याङ म्याउले जीवसँगै नेपाल गएर आफ्नी भावी सासूसँग भेटिन् । चिनियाँ केटीसँग विवाह गर्ने कुराबाट जीवको परिवारमा ठूलो हलचल मच्चेको थियो । यसबारे जानकरी दिँदै जीवले भने- 'सुरुमा मेरा आमाबाबुले याङ म्याउसँग विवाह गर्न विरोध गरेका थिए र मेरी आमा लामो समयसम्म रूनुभएको थियो । तर विवाहपछि हामी दुई जनाले मेरा बुबाआमालाई धेरै सहयोग गरिरहेका छौं । मेरो बुबाआमाले मेरा विदेशी श्रीमतीले मलाई उनीहरूबाट अन्यत्र लगेको नभई बरू बुबाआमालाई ख्याल विचार गरिरहेको भेटेका छन् । यसै कारणले मेरा बुबाआमा लगायतका सबै परिवारले मेरी श्रीमतीलाई निकै मन पराउँछन् ।'

**चीनमा विवाहको लागि केटाले केटीलाई धेरै उपहार दिने गर्दछ भने नेपालमा केटीले केटालाई धेरै दाइजो दिने चलन छ। हामीले अमेरिकामा बिहे गरेका थियौं। त्यति बेला मेरा आमाबाबुले नेपाली ज्वाइँको घरले मेरो परिवारलाई केही उपहार दिनेछ भन्ठानेका थिए भने मेरो श्रीमान्को घरले चिनियाँ बुहारीले अवश्य नै धेरै दाइजो ल्याउने सोचेका थिए। तर वास्तवमा हाम्रा दुइटै परिवारले गलत सोचेको थियो। श्रीमान्को घरबाट केही उपहार ल्याइएन भने मेरो घरबाट पनि केही दाइजो दिइएको थिएन। हामी दुई जनाले पैसाविहीन विवाह गर्‍यौं।**

नेपालीहरूले मुख्यतया परिवारलाई जोड दिन्छन् र साथै परिवारको भूमिका तथा पारिवारिक सदस्यहरूको मतमा महत्व दिन्छन् । साथै जातीय उचनिचको कुरा उठ्ने गरेको नेपालमा ब्राह्मणको सामाजिक स्थान सबैभन्दा उच्च मानिन्थ्यो । परम्परागत नेपाली ब्राह्मण परिवारमा परिवारको कुल शुद्धता कायम राख्नु निकै महत्वपूर्ण मानिन्थ्यो । परिवारबाट अन्तरजातीय र अन्तरदेशीय विवाह नगर्न दबाब भए पनि सन् १९९८ मा उनीहरूबीच विवाह भयो । विवाह भएपछि फरक सांस्कृतिक पृष्ठभूमि भएका दुई परिवारसामु पहिलो सांस्कृतिक मतभेद देखा पर्‍यो । याङ म्याउ भन्छिन्- 'चीनमा विवाहको लागि केटाले केटीलाई धेरै उपहार दिने गर्दछ भने नेपालमा केटीले केटालाई धेरै दाइजो दिने चलन छ । हामीले अमेरिकामा बिहे गरेका थियौं । त्यति बेला मेरा आमाबाबुले नेपाली ज्वाइँको घरले मेरो परिवारलाई केही उपहार दिनेछ भन्ठानेका थिए भने मेरो श्रीमान्को घरले चिनियाँ बुहारीले अवश्य नै धेरै दाइजो ल्याउने सोचेका थिए । तर वास्तवमा हाम्रा दुइटै परिवारले गलत सोचेको थियो । श्रीमान्को घरबाट केही उपहार ल्याइएन भने मेरो घरबाट पनि केही दाइजो दिइएको थिएन । हामी दुई जनाले पैसाविहीन विवाह गर्‍यौं ।'

विवाहपछि यस जोडीले दैनिक जीवनमा सांस्कृतिक भिन्नताको अनुभव गर्न थाले । याङ म्याउ भन्छिन्- 'बिहेपछि हामीबीच केही भिन्नता भएको महसुस गर्न थाल्यौं । जस्तै भनौं, बाल्यकालदेखि नै म गाउँमा हुर्कदा मेरा आमाबाबुले चामलको हरेक सिता पाउन कृषकले धेरै काम गर्नुपर्ने शिक्षा दिनुहुन्थ्यो । त्यही भएर पकाइएको हरेक सितालाई सिध्याउने बानी ममा बस्यो । खाना खाँदाखेरी मेरो श्रीमान्ले कचौरामा अलिकति भात बाँकी राख्ने गर्नुहुन्थ्यो । एक दिन मैले रिसाउँदै श्रीमान्लाई भनें कि किन यति धेरै भात फालेको ? त्यति बेला, मेरो श्रीमान्सँग बच्चा जस्तै खाना फाल्ने बानी छ भन्ने ठानेकी थिएँ । तर पछि मलाई थाहा भयो यो उहाँको संस्कृति हो र मैले पहिले हपारेकोमा मलाई दु:ख लाग्यो ।'

वास्तवमा ब्राह्मण जातिको परम्परा बमोजिम मानवजाति तथा प्रकृतिबीच मेलमिलापयुक्त अस्तित्व हुन्छ । हरेक छाकपछि केही खाना बाँकी राखिनुको उद्देश्य मानवजातिसँगसँग प्रकृतिमा बाँच्ने अन्य चरा तथा जन्तुलाई हेरचाह गरी तिनीहरूलाई खुवाउनु रहेको छ । चिनियाँ श्रीमतीलाई यस्तो कुरा थाहा भएपछि नेपाली संस्कृतिलाई मन पराउन थालिन् ।

सन् २००५ मा जीवको परिवार अमेरिका छाडेर चीनमा बस्न थाल्यो । यस निर्णयको कारणबारे व्याख्या गर्दै जीवले भने- 'पैचिङमा फर्कनुको मुख्य कारण मेरी श्रीमती नै हो । उनले आफ्नो जन्मथलो पैचिङ फर्केर जीवन बिताउने इच्छा व्यक्त गरिन् । यसका साथै चीन विश्वको अर्थतन्त्रको केन्द्र बनिसक्यो र पहिले चीनको विश्वविद्यालयमा पढेकोले अरू मानिसको दाँजोमा मसँग केही क्षमता छ । मेरो व्यक्तिगत विकासको लागि पनि चीन एउटा अपरिहार्य छनौट हो ।'

पैचिङमा फर्केपछि जीवले चीनमा विकासको ठूलो परिवर्तन भएको देखेर अचम्म लागेको बताए- 'हाल हामी बसिरहेको क्षेत्र शहरी केन्द्र हो । तर पहिले यस क्षेत्रमा खेत थियो । धेरै वर्षको विकासपछि यो पैचिङको केन्द्रीय वाणिज्य क्षेत्र बनिसकेको छ । विश्वमा चीनजस्तै छोटो समयमा यति द्रुत गतिले आधारभूत प्रबन्धको निर्माण पूरा गर्ने दोस्रो मुलुक नै पाइँदैन ।'

जीव अहिले दुई सुपुत्रका बुबा बनिसकेका छन् । आफ्नो वर्तमान अवस्थाप्रति उनी सन्तुष्ट छन् । चीनको भविष्यबारे चर्चा गर्दै उनले विश्वस्त रूपमा भने- 'भविष्यमा चीन विश्वको केन्द्र बन्ने छ भन्ने मेरो विचार छ । चीनको छिटो आर्थिक विकासबाट विश्वका विभिन्न मुलुकका जनतासामु विविध किसिमका मौका प्रदान गरिएको छ । नेपाली युवायुवती लगायत विश्वका अन्य मुलुकका विदेशी साथीहरु चीनमा आएर चीनको आधुनिकीकरण तथा विकास क्रममा चीनले हासिल गरेको उपलब्धि सिक्ने आशा गरेको छु ।'

*(साभार : सीआरआई नेपाली सेवा)*



# ल्याटिन अमेरिकामा चर्चित चिनियाँ गायिका



गत मे २९ तारिख बेलुकी 'एक भागको बाटोमा पहाड र पानी, एक भागको बाटोमा गीत' नामक सांगीतिक कार्यक्रम चिनियाँ संगीत कलेजको ओपेरा हलमा आयोजना गरियो । त्यस कार्यक्रममा हाई पीचकी प्रसिद्ध युवा गायिका फू चेले परम्परागत चिनियाँ गायन तरिका र अनियन्त्रित ल्याटिन अमेरिकी मेलोडीद्वारा दर्शकहरूलाई मन्त्रमुग्ध पारिन् । फू चेको विचारमा चीन र ल्याटिन अमेरिकाको साँस्कृतिक आदान-प्रदान क्रमशः गहिरो हुनुका साथसाथै अझै धेरै मानिसहरूले ल्याटिन अमेरिकाको संगीतलाई सुअवसरको रूपमा लिएर  ल्याटिन अमेरिकाको सँस्कृतिप्रति चासो लिने गरेका छन् । उनले ल्याटिन अमेरिकाको सकारात्मक प्रबर्द्धक बन्ने इच्छा पनि व्यक्त गरेकी छन् ।

सानो उमेरदेखि फू चेलाई संगीत मन पर्थ्यो । सन् २००३ मा उनी चिनियाँ नाचगान मण्डलको परीक्षा उत्तीर्ण गरी गायिका बनेकी हुन् । सन् २००७ मा उनले क्युबा सरकारबाट छात्रवृत्ति पाएपछि  स्पेनिस भाषा अध्ययन गर्न क्युबाको हवाना विश्वविद्यालय गएकी थिइन् । त्यहाँ रहँदा उनले क्युबाको राष्ट्रिय कला कलेजमा ल्याटिन अमेरिकी संगीतको अध्ययन गरिन् । फू चेले पहिला ल्याटिन अमेरिकाको संगीत कसरी मन पर्न थाल्यो भन्नेबारेमा सम्झना गरेकी छिन् । उनले भनिन्- 'सन् २००६ मा मैले ल्याटिन अमेरिकी संगीत सुनेकी थिएँ । पहिला म चिनियाँ नाचगान मण्डलको गायिका थिएँ । चिनियाँ नाचगान मण्डलको परम्परा के हो भने विश्वका नाचगानबारे बुझ्नुपर्छ । खास गरी एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको संगीत गाइएको छ । सन् २००७ मा मैले क्युबा सरकारको छात्रवृत्ति पाएकी थिएँ । क्युबामा मैले ल्याटिन अमेरिकाको संगीत र स्पेनिस भाषा सिकें । त्यहाँ मैले ल्याटिन अमेरिकाको विभिन्न जातिको संगीतबारे पनि जानकारी लिएँ ।'

क्युबाबाट स्नातक भएपछि फू चे स्वदेश फर्किइन् । उनी चिनियाँ संगीत कलेजमा भर्ना भइन् । पछि उनी पैचिङ शिक्षा कलेजमा संगीत विभागमा शिक्षिका बनिन् । अझै बढी युवायुवतीलाई संगीत क्षेत्रमा लाग्ने सपना साकार तुल्याउन मद्दत गर्ने उनको योजना छ । शिक्षिकाको हैसियतमा फू चेले चीन र ल्याटिन अमेरिका यी दुवै पक्षको संगीत शिक्षाको समानता र भिन्नताको तुलना गरेकी छन् । उनले भनिन्- 'क्युबाका शिक्षकले यसरी भन्नुभयो, तिम्रो स्वरमा के छ, मेरो स्वरमा के छ भन्ने कुरा भन्नु हुँदैन । तिमी तिमी हौ, तिमीले ल्याटिन अमेरिकाको संगीतबारेको अनुभव गाउन सक्छौ । चीनको संगीत शिक्षा परम्परागत हो । ल्याटिन अमेरिकाको संगीत शिक्षा स्वतन्त्र हो ।'

ल्याटिन अमेरिकाको गीत गाउने सबैभन्दा प्रसिद्ध चिनियाँ गायिकाको हैसियतमा फू चेले ल्याटिन अमेरिकाको साँस्कृतिक आदान-प्रदान मञ्चलाई हेर्छिन् । सन् २०१५ को जनवरीमा फू चेले 'चीन-ल्याटिन अमेरिका, क्यारेबियन मुलुकहरूको मञ्चको पहिलो मन्त्रिस्तरीय सम्मेलन'को स्वागत साँझ समारोहमा गीत गाएकी थिइन् । उक्त सम्मेलनमा सहभागी राष्ट्रनायकहरु र अधिकारीहरूद्वारा उनको राम्रोसँग मूल्यांकन गरिएको छ । उनले भनिन्- 'ल्याटिन अमेरिकाका दर्शकहरु विश्वका सबैभन्दा राम्रा दर्शक हुन् । पहिला मैले अभिनयका क्रममा यूरोप र एसियाका विभिन्न मुलुकहरु पनि भ्रमण गरेकी थिएँ ।  ल्याटिन अमेरिकाका दर्शकहरूले मेरो गायनप्रति बढी प्रतिक्रिया जनाएका छन् । गत वर्ष मैले क्युबामा सांगीतिक कार्यक्रमको आयोजना गरेकी थिएँ । मैले 'क्युबा, सुन्दर क्युबा' बोलको गीत गाउँदा दर्शकहरूले मसँगै गाएका थिए ।'

फू चेका विचारमा साँस्कृतिक आदानप्रदान प्रभावकारी छ । हालैका केही वर्षयता अझै बढी चिनियाँहरूले ल्याटिन अमेरिकाको संगीत सिक्न थालेका छन् । उनले भनिन्- 'अझै बढी मानिसले ल्याटिन अमेरिकाको संगीत मन पराएका छन् । घनिष्ठ कूटनीतिक आदानप्रदानका कारण अझै बढी मानिसले ल्याटिन अमेरिकाबारे जानकारी र त्यहाँको सँस्कृतिलाई मन पराउन थालेका छन् ।'

*(साभार : सीआरआई नेपाली सेवा)*



# हिन्दी बोल्ने तिब्बती पथप्रदर्शक



गत जुलाई महिनामा तिब्बतस्थित प्रसिद्ध कैलाश पर्वतको फेदमा ४१ सदस्यीय नवौं भारतीय तीर्थयात्री मण्डलले स्थानीय तिब्बती चौंरी ढुवानी मण्डलका सदस्यसँग सम्पर्क गरिरहेको थियो। तीर्थयात्री मण्डलले पैदलद्वारा पवित्र पर्वत र मानसरोवर ताल वरिपरि तीर्थयात्रा गर्ने तयारी गरिरहेको छ। व्यस्त समूहमा एकजना कालो वर्णका पातलो केटा हिन्दी भाषामा मानिसहरूसँग कुराकानी गरिरहेका थिए- 'एक, दुई, तीन, चार, पाँच ......१५, १६, १७। प्याकेज बाँकी छ, प्याकेज बाँकी छ।'

हिन्दी भाषा राम्रो बोल्ने यी तिब्बती केटाको नाम गुरू हो। हाल उनको उमेर ३७ वर्षको छ। तिब्बती आली क्षेत्रीय पर्यटन कम्पनीको गाइडको हैसियतमा गुरूले हरेक वर्ष विशेष गरी भारतीय तीर्थयात्री मण्डलको जिम्मेवारी लिने गर्छन्। भारतीय तीर्थयात्री मण्डलमा उनी निकै लोकप्रिय छन्। उनको आकर्षक जानकारी शैली र सेवाप्रतिको उत्साह वा समर्पणको भारतीय पाहुनाले सधैं नै प्रशंसा गर्ने गरेका छन्।

गुरूको परिवार नेपालको दुर्गम पहाडी क्षेत्रमा बसेको एक तिब्बती परिवार थियो। बुबा-आमाको निधन भएपछि बाल्यकालमा गुरूको जीवन साँच्चिकै गाह्रो र दुःखमय रहेको उनले बताए।

एक्लै विदेशमा बस्नुको कुनै अर्थ नहुने विचार गर्दै गुरूले चीन फर्किएर बुबा-आमाका नातेदार र साथीहरूबाट हेरविचार पाउने योजना बनाए। त्यसबेला सरकारको नीति राम्रो भएको उनले सुने। भारत र नेपालबाट पनि तिब्बतीहरूले चीन फर्कर पुनः राम्रो जीवन बिताउन सक्ने थाहा पाए। घर-आवास, खेती र पशु आदि पाउन सकिन्छ। यदि चीन फर्किएमा आफ्नो नयाँ जीवन सुरू गर्न सकिनेछ।

तर त्यतिखेर टुहुरो भएका गुरू सानो उमेरका साथै गरिब पनि थिए। चीन फर्कने सपना पूरा गर्नका लागि उनी बसोवास क्षेत्र छोडेर एक्लै काठमाडौं गए। उदार मान्छेको सहयोगमा उनले उच्चमाध्यमिक विद्यालयमा पढ्नुका साथै भारतीय भाषा, नेपाली भाषा र तिब्बती भाषा पनि राम्ररी सिक्ने मौका पाए। सन् १९९७ मा १९ वर्षीय गुरू स्वदेश र जन्मथलो तिब्बती फूलान जिल्लामा फर्किएका थिए।



जन्मथलो फूलान जिल्लाको सि द गाउँ फर्किदासम्म गुरु परिवारको पुरानो आवास ध्वस्त भइसकेको थियो । त्यसैले उनले नातेदारमा निर्भर हुनुपर्‍यो । स्थानीय सरकारको सहयोगमा चीन फर्किएको दोस्रो वर्ष उनले एउटा स्थानीय पर्यटन कम्पनीमा गाइडको काम गर्ने मौका पाए ।

गुरुका अनुसार गाइडको काम गर्दाको सुरुको अवधिमा अनुभव नभएकाले पवित्र पहाड, ताल र हिन्दु धर्मबारे उनलाई कुनै जानकारी थिएन । त्यसैले पहिलो भारतीय तीर्थयात्रा मण्डलको सेवा गरेदेखि उनले तीर्थयात्रा मण्डलका सदस्यहरुबाट सिक्ने मौका पाए । क्रमशः उनले झन् झन् बढी ज्ञान हासिल गर्दै पथप्रदर्शकको कार्य पनि झन् झन् राम्ररी गर्न थाले । गुरुलाई सहयोग गर्ने तिब्बती आली क्षेत्रीय विदेशमामिला कार्यालयका उपप्रमुख दुन्डुपले यसरी टिप्पणी गरे- 'उनी भारतीय यात्रुका लागि पहिलो खेपको गाइड हुन् । उनको कार्यशैली र गुण दुवै राम्रा छन् । पर्यटन कम्पनीका अनुवादकहरुमध्ये उनी राम्रा कर्मचारीहरुमध्येका एक हुन् ।'

सन् २००० मा गुरुले तिब्बती केटी कुङ्साङ्युतुनसँग विवाह गरे । बिहे गरेको तीन वर्षपछि उनीहरुको पहिलो बच्चा जन्मियो । सन् २००५ मा उनीहरुले सि द गाउँमा नयाँ घर निर्माण गरे । हाल गुरु तीन बच्चाका बाबु भइसके । हालको सुखमय जीवनबारे भन्दा गुरुलाई अलिक अफसोस लाग्छ ।

'म सधैं यसरी विचार गर्ने गर्छु- यदि बुबा-आमा जीवित हुनुहुन्थ्यो भने चीन सरकारको यति राम्रो नीतिमा उहाँहरु स्वदेश फर्किएर आनन्दमय जीवन बिताउन पाउनुहुन्थ्यो होला । म एक पथप्रदर्शक भए पनि आफ्नो प्रयासमार्फत् उहाँहरुलाई राम्रो जीवन दिनसक्थें होला', उनले भने ।





गुरुले आफ्ना तीन बच्चालाई पढ्न भित्री क्षेत्रमा पठाउनुका साथै परीक्षाद्वारा आली क्षेत्रीय वैदेशिक मामिलासम्बन्धी सरकारी कर्मचारी बन्ने योजना बनाएका छन् । यो लक्ष्य साकार पार्न उनले निरन्तर प्रयास गर्दै जाने विश्वास व्यक्त गरे ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# मास्कोमा उल्लासमय दसैं

मास्कोका हराभरा रूखका पातहरु पहेंलिएर धमाधम भुइँमा झरेर जताततै पहेंलो रंग देखिंदा अनायासै नेपालमा दसैंमा मान्यजनहरूबाट टीका ग्रहण गरी प्रसादको रूपमा शुभेच्छासहित पहेंलो जमरा पाउँदा वा पहेलो जमराको माला नै लगाएर विजयादशमीको रमाइलो वातावरणको सम्झना भएर आउँछ । समय पखेटा चालेर कति द्रूत गतिले उड्दो रहेछ भने पछिल्लोपटक काठमाडौंमा मैले सपरिवार दसैं मनाएको पनि यस वर्ष ठीक एक दशक पुगेछ ।

मास्कोमा नेपालीहरूले भोज खाएर नै दसैं मनाउँछन् र पछिल्लो समयमा मास्कोस्थित राजदूतावासमा जम्मा भएर टीका लगाएर सामूहिक रूपमा दसैं मनाउने परम्परा बसेको छ । तर सोभियत कालमा त रूसवासी नेपालीहरूको निमित्त दसैं भोजमै सीमित रहने गरेको थियो । नेपाली राजदूतावासका मकर्मचारीहरु भने नेपालमाझैं दसैं बिदा पाउने हुँदा एक दोस्राको पाहुना बन्दै दसैंभोज मनाउने गर्दथे । तर यस्ता भोजहरूमा मास्कोवासी सबै नेपालीहरूको उपस्थिति रहँदैनथ्यो ।

रूसको राजधानीमा पहिलो दसैंभोज रूसका लागि प्रथम आवासीय नेपाली राजदूत झरेन्द्रनारायण सिंहबाट मास्कोको केन्द्रमा पर्ने प्रसिद्ध 'प्रागा' रेष्टुराँमा आयोजना गरिएको थियो र त्यसमा हामी सबै नेपाली विद्यार्थीहरूलाई निम्त्याइएको थियो । यो सन् १९६१ को विजयादशमीको कुरा हो । मेरा लागि त यो जीवनमै पहिलोपल्ट देखेको भव्य भोज थियो । यो भोज अविष्मरणीय किन पनि बन्न गयो भने त्यतिखेर मास्कोका शिक्षण संस्थानहरूमा अध्ययनरत ५० जनाभन्दा पनि कम नेपाली विद्यार्थीमध्ये हामी साहित्यानुरागी केही विद्यार्थीहरूले नेपाली छात्रसंघको तत्वावधानमा रातारात पहिलो हस्तलिखित 'किरण' पत्रिका तयार पारेर विजयादशमीको भोजको अवसरमा राजदूतको हातबाट विमोचन गराएका थियौं । मैले रूसमा नेपाली भाषामा निस्कोको त्यस पहिलो पत्रिकाको संस्थापक–सम्पादक बन्ने सौभाग्य पाएको थिएँ । नेपाली राजदूतबाट हामीले प्रशंसाका साथै पत्रिका प्रकाशनार्थ आवश्यक लिथो मेसिन र टंकणयन्त्र (नेपाली टाइप राइटर) उपहार पायौं ।

मास्कोमा जमरा रोपेर नवदूर्गाको पूजा समेत गरी दसैं मनाउने परम्परा मलाई थाहा भएअनुसार नेपाली राजदूत हिरण्यलाल श्रेष्ठकी पत्नी मायादेवीको अग्रसरतामा भएको थियो । उनले नेपाली दूतावासमा जमरा रोपेर नवदुर्गाको नित्यपूजा गर्ने चाहना व्यक्त गरिन् । तर मास्कोजस्तो शहरमा जमरा राख्न जौ कहाँबाट ल्याउने ? निकै ठूलो समस्या देखियो । मास्कोमा चराचुरूङ्गीका लागि चारादाना बेच्ने पसलमा जौका गेडा पनि पाइने संभावना देखेर तत्कालै राजदूतावासको गाडीमा प्रस्थान गरें । यसरी नेपाली राजदूतावासमा पहिलोपल्ट विजयादशमीका दिन नेपालीहरूले जमरासहित टीका ग्रहण गरेका थिए ।

रूसमा नेपाली नारी निकुञ्जको स्थापना (सन् २००३) पश्चात् राजदूतावासको परिसरमा नेपाली पाठशाला संचालन गर्न थालिएपछि मास्कोमा घटस्थापनाका दिन जमरा रोप्ने र नौ दिनसम्म विधिवत् पण्डित आचार्य कुशलकुमार निरौलाबाट नवदुर्गाको नित्यपूजा समेत गरेर विजयादशमीका दिन जमरासहित राजदूतावासमा टीका लगाई साँझ भव्यताका साथ नाचगान र दसैंभोजसहित बडादसैं मनाउने परम्परा कायम भयो । मास्कोमा भव्यताका साथ दसैं मनाउनमा पदेन मानार्थ उपाध्यक्ष बन्ने श्रीमती राजदूतका साथै नारी निकुञ्जकी अध्यक्ष डा. समता प्रसाद, उपाध्यक्ष







डा. विन्दिता लामिछाने लगायत सम्पूर्ण सदस्यहरूको निकै सक्रियता रहने गरेको उल्लेखनीय छ । सबैलाई टीका लगाइदिने राजदूत-दम्पतीले सर्वप्रथम कन्याको हातबाट टीका ग्रहण गर्ने पनि मास्कोमा परम्परा बसाइएको छ । यस परिप्रेक्ष्यमा मास्कोमा रहेका नेपालीहरूले राजदूत-दम्पतीबाट टीका ग्रहण गर्नुका साथै नेपालीहरूको अग्रजका नाताले यस पंक्तिकारबाट पनि इच्छुक साथीभाइहरूले टीका-प्रसादको लागि अनुरोध गर्नेगरेकोबाट आफू निकै गौरवान्वित हुने गरेको चर्चा नगरी रहन सक्तिनँ ।

मास्कोमा दसैंको रमझम कस्तो हुन्छ भन्ने बारेमा नेपाली पाठकवृन्दले स्वयं कल्पना गर्न सक्तछन् । विदेशमा बसेर नेपाली चाडबाड र त्यसमा पनि दसैं मनाउन भेला भएका नेपालीहरु कति चलमलाउँछन् त्यसको वर्णन शब्दमा गर्न सकिंदैन । कतिपय नेपालीहरु दसैं मनाउन बर्सेनि नेपाल जाने हुँदा मास्कोमा रहेका नेपालीहरु केही नपुगेको अनुभव गर्छन् तर स्वजनबाट निकै टाढा रहेर दसैं मनाउन विवश नेपालीहरूलाई यसले रमाइलो गर्नमा विशेष वाधा पार्दैन ।

यस वर्ष काठमाडौंमा गैरआवासीय नेपाली संघको सातौं विश्वसम्मेलन सम्पन्न हुने परिप्रेक्ष्यमा रूसवासी कैयौं नेपालीहरु स्वदेश प्रस्थान गर्न थालिसकेका छन् । नेपालीहरूको महान् चाड विजयामशमीको पावन उपलक्ष्यमा मास्कोवासी सबै भाइबहिनीहरूका साथै नेपालमा रहेका र विश्वका विभिन्न देशमा रहेका नेपाली दाजुभाइ-दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

■ **कृष्णप्रकाश श्रेष्ठ**









Cent Percent Yours...

CAPITAL
HONOR OF THE MONTH



Capital
Band of The Month

क्यापिटल
समाचार

पुस्तक
संसार




New Baneshwor, Kathmandu
Phone +977-1-4475345, 4475346
E-mail: info@cfmonair.com

capitalFM™
92.4 cent percent yours.....

www.cfmonair.com

विजयादशमी-२०७२ को शुभ अवसरमा समस्त ग्राहकवर्ग, नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै विजयादशमीले सम्पूर्ण नेपालीमा सुखशान्ति र समृद्धि ल्याओस् भन्ने कामना पनि गर्दछौं ।

# शुभ होस्
# विजयादशमी



## सत्कार ज्वेलरी

भगवतीस्थान, ठमेलमार्ग-२९
फोन: ०१-४४१६९१२, ०१-४४१७४२१
मोबाइल: ९८५१०४३२०८
Email: satkarjewellery@gmail.com


www.khukurirum.com
Nepal's Best Rum
Khukri
XXX Rum
SINCE 1959
Nepal's Finest Rum Since 1959
खुकुरि XXX रम
Khukri
XXX Rum
An excellent and smooth rum
fully matured in oak vats
२०७२
सालको विजयादशमी,
दीपावली तथा छठ्को
हार्दिक मंगलमय
शुभकामना !
THE NEPAL DISTILLERIES PVT. LTD.